Jana Aakash
National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- १, २०८२ साल साउन ६ गते मंगलबार (JULY 2, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## बाढीको जोखिम कम गर्न अपनाउनु पर्ने तरिका



नेपालमा जहिले पनि घटना घटेपछि पछुताउने चलन छ। घटना घटेपछि सवै निर्देशक अनि विज्ञ भए जसरी वकालत गर्ने मानिसहरुको कम छैन । तर वर्षा याममा हुने बाढी पैरोवाट मानिसहरु कसरी प्रभावित हुन्छन् । त्यस्ता बाढी पैरोमा मानिस कसरी फस्छन् । भन्ने जानकारी हुदाहुदै पनि कतिपय मानिसहरु नै आफ्नो अनुसाशनलाई तोडेर हिड्ने प्रचनल एउटा छ भने राज्यको नीतिले पनि कतिपय कुराहरुमा समेट्न सकेको छैन ।

बाढीको समयस्या हुने भनेकै खोलका किनार आसपासमा हो । त्यस्ता क्षेत्रमा घर, टहरा बनाएर पहिलो रुपमा नागरिक स्वयम बस्न हुदैन । कतिपयको बाउ बाजेको पालादेखि बस्दै आएको रहेछन र अन्यत्र ति खोलाको किनारमा घर, टहरा बनाएर बसेका मानिसहरु हरेछनन भने सरकारले नै त्यस्ता नागरिकहरुको पहिचान अभिलेख राखेर तुरुन्तै सार्नुपर्छ सार्नको लागि नीतिगत रुपमा एन कानूनमा समस्या रहेछन भनेपनि संशोधन गरेर अन्यत्र सार्ने काम गर्नुपर्छ। सारी नसकेका वस्ती खोला, नदी आसपासमा भएका वस्तीहरुलाई सर्तक बनाएर जनचेतना जगाई त्यस्ता क्षेत्रहरुमा बढी निगरानी सरकार तर्फवाट राख्नुपर्छ । त्यसैगरी नागरिक स्वयम पनि सजक भएर बस्नुपर्छ ।

त्यसैगरी पैरो जाने ठाउ भनेको पाहाड जाहा धेरै भिरालो जमिन छ । त्यस्ता क्षेत्रहरुमा पैरो जाने गरेको छ। भने पछिल्लो समयमा स्थानीय सरकारले वातावरणीय मापदण्ड नअपनाई जतातती सडक खनेर छोडेको माटोको कारण पनि पैरो जाने गरेको छ । त्यस्ता क्षेत्रहरुमा विशेष गरेर कतिपय त घरहरु नै भिरको मुनि हुने गरेका छन् । विगतमा नेपालका नेपालीहरुको त्यस्तै खालको वातावरण थियो । त्यतिवेलाको लागि तर आज त्यस्ता जोखिम ठाउँहरुमा भएका घरहरुलाई र बाढी सम्भावित बाढी आउनु, बाढी पस्ने क्षेत्रहरुको वर्षा शुरु हुनुभन्दा अगावै त्यस्ता क्षेत्रहरुमा सम्भावित क्षेत्रलाई बैकल्पिक आवासको वातावरण बनाउनुपर्छ। ति बैकल्पिक आवासमा राखेकाहरुलाई क्रमश व्यवस्थित वस्तीको रुपमा विकास गर्दै लैजानुपर्छ ।

नेपालमा व्यवस्थित वस्ती अर्थात आधुनिक भाषामा भन्ने हो भने स्मार्ट सिटीको विकास गर्न एउटा उदारण पनि बन्दै जान्छ । यि र यस्तै खालका तरिकाहरु अपनाएर नेपालमा वर्षेनि हेुन गरेको धन जनको क्षति कम गर्दै निकट भविष्मा बाढी, पैरोवाट कुनै पनि नेपालीको ज्यान जान नदिनेगरी काम अगडी बढाउन सक्नुपर्छ ।

## गृह मन्त्रालयले ४५ अधिकृत अध्यागमनमा पठायो

काठमाडौं- गृह मन्त्रालयले अध्यागमन कार्यालय, त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलमा ४५ जना नयाँ अधिकृतलाई खटाएको छ ।

अध्यागमन विभागका महानिर्देशक गोविन्द रिजालले सोमबारदेखि अध्यागमन कार्यालयका प्रमुख सहसचिव नरहरि घिमिरे र ४५ जना नयाँ शाखा अधिकृत विमानस्थलमा खटिएको जानकारी दिएका छन् भने घिमिरे सोमबारदेखि हाजिर भएका हुन् ।



'लोक सेवाबाट आएका अधिकृतहरूलाई विभागले तीन दिने तालिमपश्चात सोमबारदेखि विमानस्थल अध्यागमनमा खटाएको छ,' उनले भने, 'अध्यागमन कार्यालयमा प्रमुखका रूपमा आएका सहसचिव घिमिरे पनि सोमबारदेखि हाजिर भइसकेका छन् ।'

विमानस्थलस्थित अध्यागमनको प्रमुखका रूपमा सरूवा भएका घिमिरे अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रवक्ताका रूपमा काम गरिसकेका सहसचिव हुन् ।केही दिनअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ४५ अधिकृतको नाम गृह मन्त्रालयमा पठाएको थियो ।

त्यसैगरी गृह मन्त्रालयले ४५ जना शाखा अधिकृत अध्यागमनमा खटिएको र सोही संख्यामा शाखा अधिकृत मन्त्रालय तानिएको जनाएको छ ।

'विमानस्थलबाट आएका अधिकृतहरू मन्त्रालयमा दरबन्दी मिलान हुन्छ,' गृह मन्त्रालयको प्रशासन महाशाखाका उपसचिव सुरेश जोशीले भने, 'दरबन्दी भन्दा बढी अधिकृत भए तिनलाई सामान्य प्रशासन मन्त्रालय मार्फत बाहिर पठाउने काम हुन्छ ।'

## शिक्षक आन्दोलनले १२ कक्षाको नतिजा सार्वजनिक गर्न ढिलाई




काठमाडौं- राष्ट्रिय परीक्षा बोर्डले १२ कक्षाको नतिजा साउन अन्तिम साता सार्वजनिक गर्ने तयारी गरेको छ ।

क्यालेन्डर अनुसार १५ साउनभित्र नतिजा सार्वजनिक हुनुपर्ने हो । तर गत २० चैतदेखि २९ दिन लामो शिक्षकहरूले आन्दोलन गरेका कारण नतिजा सार्वजनिकमा ढिलाइ हुने भएको हो ।

गत ११ वैशाखका लागि तय भएको परीक्षा आन्दोलनका कारण २१ वैशाखदेखि भएको थियो ।

परीक्षा ढिलागरी भएकाले नतिजा पनि १० दिन ढिला सार्वजनिक हुने राष्ट्रिय परीक्षा बोर्डका परीक्षा नियन्त्रक कृष्णप्रसाद शर्माले जानकारी दिए ।

'उत्तर पुस्तिका परीक्षणको काम सकिएको छ। अहिले इन्ट्रीको काम धामधम भइरहेको छ। नतिजा साउन अन्तिम साता सार्वजनिक गर्ने तयारी छ,' उनले भने ।

बोर्डका अनुसार परीक्षामा ५ लाख ११ हजार ५ सय २५ परीक्षार्थी सहभागी भएका थिए ।

## जन आकाश मिडियाले १८ औं वार्षिकोत्सव भव्य रुपमा मनाउँदै

काठमाडौं- नेपालको एक प्रतिष्ठित सञ्चारमाध्यमको रुपमा परिचित जन आकाश मिडिया प्रा.लि.ले आफ्नो १८ औं वार्षिकोत्सव भव्य रुपमा मनाउन लागेको जन आकाश मिडियाका अध्यक्ष मोहन कार्कीले जानकारी दिएका छन् ।

अध्यक्ष कार्कीले विगतमा जस्तै यस वर्षपनि राष्ट्र र समाजलाई योगदान पुऱ्याएका व्याक्तित्वहरुलाई सम्मान तथा प्रोत्सहन गर्ने र पत्रकारिता क्षेत्रमा योगदान पुऱ्याएका वरिष्ड पत्रकार र युवा पत्रकार गरी दुई जनालाई सम्मान गर्ने विगतमा जस्तै सुसेली विद्यातर्फ नेपाल सुसेली फाउण्डेशनको सहकार्यमा सम्मान तथा पुरुस्कार साथै जन अकाश मिडियाले संचालन गरेको संगीत खबर कार्यक्रममा भाग लिएका कलाकारहरु मध्यवाट उत्कृष्ट एक जनालाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रम रहेको




बताएका छन् ।

अध्यक्ष कार्कीको भनाई अनुसार प्रत्येक वर्षको साउन ३१ गते जनआकाश मिडियाले वार्षिकोत्सव गर्दै आएको कोभिडको बीचनमा वाहेक निरन्तर कार्यक्रम हुदै आएको छ । उक्त कार्यक्रमलाई यस वर्षपनि भव्य तयारी गरिरहेको उल्लेख छ ।

» बाकी ६ पृष्ठमा

## चितवन राष्ट्रिय निकुञ्जमा पर्यटक घटे

भरतपुर- चितवन राष्ट्रिय निकुञ्जमा घुम्ने पर्यटकको सङ्ख्या घटेको छ । गत वर्षको तुलनामा झण्डै २५ प्रतिशत पर्यटक घटेको चितवन राष्ट्रिय निकुञ्जले जानकारी दिएको छ ।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार आर्थिक वर्ष २०८०/८१ को तुलनामा गत आर्थिक वर्ष २०८१/८२ मा ७५ हजार पाँच सय आठ जना निकुञ्ज घुम्ने पर्यटकको सङ्ख्यामा कमी आएको छ ।

आर्थिक वर्ष २०८०/८१ मा चितवन राष्ट्रिय निकुञ्जमा तीन लाख छ हजार आठ सय ३७ जना पर्यटकले निकुञ्ज घुमेका थिए । गत आर्थिक वर्ष जम्मा दुई लाख ३१ हजार तीन सय २९ जना पर्यटक निकुञ्ज प्रवेश गरेको सूचना अधिकारी



थापामगरले जानकारी दिनुभयो । त्यसमध्ये एक लाख १७

» बाकी ६ पृष्ठमा

## नेपाल इन्स्योरेन्सलाई उत्कृष्ट वार्षिक प्रतिवेदन तयार गरे वापत (Gold Award) सम्मान

काठमाडौं- नेपालको निर्जिवन बीमा कम्पनीहरु मध्ये नेपाल ईन्स्योरेन्स कम्पनी लिमिटेडले उत्कृष्ट वार्षिक प्रतिवेदन तयार गरे वापत (National Best Presented Annual Report Award –NBPA –२०२४) का लागि न्यमि ब्धबचम सम्मान पाएको छ ।

इन्स्टिच्युट अफ चार्टड एकाउन्टेट अफ नेपाल (आईक्यान) द्धारा मिति २०८२ साल श्रावण २ गते शुक्रवार होटल ऱ्याडिसनमा आयोजित समारोहमा कम्पनीलाई (Gold Award) ले सम्मान गरेको हो । उक्त समारोहमा प्रमुख अतिथि महालेखापरीक्षक माननीय तोयम रायले कम्पनीका प्रमुख कार्यकारी अधिकृत वीरकृष्ण महर्जनलाई उक्त सम्मान पत्र प्रदान गर्नु भएको हो ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP

वर्ष –१७, अंक– १,
२०८२ साल साउन ६ गते मंगलबार
22 JULY 2025, TUESDAY

...dfG5]s ;}h]klg sd{lno/ cfPsf]xbg . l; hgf
u/]dfq efUo, ?k ;Gb/ xG5 . dfkg sfsl{

## सम्पादकीय

### आर्थिक वर्षको विकास निर्माण समयमा नै शुरू गर

नेपालमा जहिलेपनि असार अन्तिममा काम शुरू गर्ने प्रचलनले विकास निर्माण गुणस्तर नहुने पानी पर्ने समयमा काम गर्दा आवाज जावतमा नागरिकहरू समस्यामा पर्दै अएकाछन् । भने निर्माण कम्पनीलाई समेत काम गर्न कठिन हुने गरेको छ ।

यो विगतको घटनालाई पाठको रूपमा लिएर २०८२/८३ आर्थिक वर्षमा हुने विकास निर्माणका कामहरू समयमा नै थाल्ने गरी तयारी गर्नुपर्छ । जसले नेपालका नागरिकहरूले धेरै गुनासो पनि गर्दै आएका छन् । हत्तार हत्तारमा काम गर्दा गुणस्तर नभएको आ□नो सेटिङगवाला मानिस खोजेर मात्र ठेक्का लगाउने गरेको भ्रष्ट्रचार अधिक भएको जस्ता नागरिकहरूमा पर्न गएको नकरात्मक टिप्पणीलाई समेत सम्बोधन हुनेगरी यस वर्षवाट समयमा नै विकास निर्माणका कामहरू शुरू गरेर एक वर्षमा नै यतिधेरै काम गर्न नेपालले पनि सक्यो भन्ने उदारण पेश गर्नको लागि सम्बन्धित निकायहरूले काम थाल्नुपर्छ ।

जनताले चाहेको जसरी काम गर्ने र भएका गरेका कामहरूलाई सुधार गरेर जान सकेको खण्डमा नेपालले विकास निर्माणको क्षेत्रमा फड्को मार्न सक्छ गर्न चाहयो भने गर्न नसकिने भन्ने नै हुदैन कुनैवेला १० औ वर्षमा एउटा आयोजना सकिदैन थियो । तर पछिल्लो समयमा तोकेको समयभन्दा केही ढिलो भएपनि विगतका तुलनामा कतिपय कामहरू छिट्टो नै सम्पन्न हुने गरेका छन् । तर गुणस्तरमा भने सुधार आउन सकेको छैन ।

गुणस्तर किन आउन सकेन भन्ने विषयमा सरकारले अध्ययन गरेर नीति नै बनाएर गुणस्तरमा ध्यान दिनुपर्छ । कतिपय निर्माण व्यवसायिहरूको भनाईलाई आधार मान्ने हो भने ठेक्का खुल्दा नै जसले थोरै मूल्यमा कबोल गर्छ उसैले ठेक्का पाउने चलन हुन्छ । त्यस्तो हुदा गुणस्तर बन्न नसकेको कतिपय सरकारी निकायले समयमा भुक्तानी नदिएको धुस नखुवाएसम्म पेमेन्ट नहुने जस्ता समस्या आजपनि व्यवसायीले भोग्नुपरेको भनेर व्यवसायीले भन्दै आएका छन् ।

यस्ता समस्याहरू समयमा नै सावधान गरेर सुधार गर्न सकिने क्षेत्रहरूलाई सुधार गरेर नेपालले पनि समयमा विकास निर्माणका कामहरू गर्न सक्छ भन्ने भान हुने गरी काम गराउन सक्नुपर्छ । त्यसका लागि सम्बन्धित निकायहरूले समयमा नै ठेक्का खोलेर कामहरू गराउने गरी तयारी गर्नुपर्छ ।

# कानुन निर्माण र संशोधन अझै अपुरो



● डा. सुमनकुमार रेग्मी

वि.सं. २०५७ देखि २०८२ आउँदा पनि संशोधनका तयारी बुरु गरिएका विभिन्न ऐनहरु र नयाँ बनाउनुपर्ने दजैनौं ऐनहरु बनेका देखिँदैनन् । मिल्नुपर्ने बुँदाहरु नमिलाउँदा ऐनहरु संशोधन र निर्माणमा ढिला भएको देखिन्छ । सरकार नै चुपचाप बसेकाले प्रक्रिया अघि बढ्न सकेको देखिँदैन । कैयौँ मस्यौदा तयार भइसकेको अत्यावश्यकीय ऐनहरु कैयौँ वर्षदेखि दराजमा अथवा कम्प्युटरमा थन्किएर बसेका पनि थुप्रै उदाहरण छन् । सरकारी ढिलासुस्तीका कारण दराजमै थन्किएर बसेको विशेष आर्थिक क्षेत्र ऐन अर्थात् सेज पनि बनिसक्यो ।

औद्योगिक व्यवसाय ऐन बन्यो तर विद्युत् ऐनजस्ता कैयौँ ऐन सरकारी उदासीनताका कारण बेवास्तामा परेका छन् । ताकेता गर्दा गर्दै यस्ता विधेयकहरु संसद्मा नै आउन सकेको देखिँदैन । सरकारले आफ्नो नीति तथा कार्यक्रम, बजेटसहित सरोकारवाला निकायको कार्यक्रममा आवश्यक कार्य गर्ने भनिए पनि पूरा आर्थिक वर्षमा यस्ता ऐनहरु नआई बित्छ । यस्तो प्रतिबद्धता विगत, आगामी र चालू आर्थिक वर्ष २०८१/८२ मा पनि गरिएकै देखिन्छ ।

जनाइएअनुसार आउनुपर्ने आर्थिकसँग सम्बन्धित ऐन, नीति र नियमावलीमध्ये ८० प्रतिशत ऐनहरु अर्थतन्त्रसँग प्रत्यक्ष सरोकार राख्दछन् ।सुधारको घोषणा गरिएका ऐन-नीति-नियमावलीहरुमा कम्पनी ऐन, प्रतिस्पर्धा तथा बजार संरक्षण ऐन, दामासाही ऐन, ऋण तथा जमानत ऐन, एन्टी डम्पिङ ऐन, औद्योगिक व्यवसाय ऐन, विदेशी लगानी तथा प्रविधि हस्तान्तण ऐन, विशेष आर्थिक क्षेत्र अर्थात् सेज ऐन, श्रम ऐन, विद्युत् ऐन, विद्युत् नियमन आयोग ऐन, करार खेती ऐन, सार्वजनिक गोदाम ऐन, भूउपयोग ऐन, वनपैदावर आपूर्ति ऐन, वित्तीय जवाफदेहिता ऐन, सार्वजनिक ऐन, विदेशी व्यापार नियमन ऐन, एकीकृत बौद्धिक सम्पत्ती ऐन, सार्वजनिक गोदाम व्यवस्थापन तथा सञ्चालन ऐन, गुणस्तर ऐन, राजस्व बोर्ड ऐन, सम्पत्ती व्यवस्थापन कम्पनी ऐन, मध्यस्थता ऐन, घर तथा जग्गा कारोबार ऐन, वातावरण ऐन, नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था ऐन, बैंकिङ कसुर ऐन छन् । यी मध्ये कुनै ऐन बने त अरु ऐन बन्न बाँकी छन् ।

अन्य ऐन बनाउन घोषित ऐनहरुमा विदेशी विनिमय नियमित गर्ने ऐन, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, बिमा ऐन, सहकारी संस्था सुपरीवेक्षण र नियमन ऐन, लघु वित्त ऐन, निक्षेप तथा कर्जा सुरक्षण ऐन, गैरआवासीय नेपाली ऐन, कमोडिटी ऐन, भ्रष्टाचारविरुद्धको ऐन, सैनिक ऐन, निजीकरण ऐन, कर कानुनहरु, क्योटो अभिसन्धी अनुसारको भन्सार ऐन, विदेशी लगानी नीति, बौद्धिक सम्पत्ति नीति, नेपाल व्यापार एकीकृत रणनीति २०२३, सार्वजनिक खरिद नियामावली, गैरआवासीय नेपाली नियामावली र अरु थुप्रै छन् । यी ऐनहरुमध्ये केही मात्र बनेका देखिन्छन् तर धेरै बन्न बाँकी छन् ।

उल्लिखितमध्ये केही थोरै ऐन बने । धेरै बन्न बाँकी नै छन् । केही त ऐन बन्ने प्रक्रियामा रहँदा फिर्ता पठाइने गरेको पनि देखिन्छ । उदाहरणका रुपमा बाफिया, अनलाइन सञ्चार निर्देशिका आदि अन्य पनि छन् । यस लेखमा उल्लिखित बन्न बाँकीमध्ये केही बने, केही अझ बन्न बाँकी छन् । देवानी संहिता-सिभिल कोर्टसहित माथि सम्झिएका बन्न बाँकी ऐनहरु देशको औद्योगिक विकास र रोजगार वृद्धिका लागि ती ऐन कानुनीरुपमा आउनै पर्ने अत्यावश्यक भएको देखिन्छ । अरु तयार गर्नुपर्ने विधेयकहरुमा गरिबी निवारणका लागि रोजगारी प्रत्याभूति विधेयक २०६९, दुर्लभ लोपोन्मुख र संरक्षित वन्यजन्तु तथा वनस्पति अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण विधेयक २०६७, आर्थिक कार्यविधि विधेयक, पारस्परिक कानुनी सहायता विधेयक, सुपुर्दगी विधेयक, संगठित अपराध निवारण विधेयक आदि अरु थुप्रै छन् । यी बनेका ऐनहरुमध्ये गैरआर्थिक ऐनहरु कम बनेका छन् ।

अर्थतन्त्रसँग सम्बन्धित ऐन, विद्युत् ऐन, श्रम ऐन, बैंक तथा वित्तीय संस्था ऐनको सुधार एवं नयाँ बनाउन अति आवश्यक बताइन्छ । अर्थतन्त्रसँग सम्बन्धित सेज ऐनबाहेक अरु पुरानै हुन् । पुराना कानुन र विश्व व्यापार संगठनसँग सदस्यता लिनुपूर्व र पछि नयाँ बनाउनुपर्ने, संशोधन गर्नुपर्ने दायित्व अझ पूरा भएको देखिँदैन । देशको व्यापार घटाउन सेजको भूमिका महत्वपूर्ण रहेको बताइन्छ । २०१३ अघि नै विश्व व्यापार संगठनअन्तर्गतका कृषिलगायत अरु क्षेत्रका प्रावधान पूरा गर्न तीव्रता दिए पनि २०८२ आउँदा ती तयारी अवस्थामा छैनन् । यी त २००८ मा नै प्रतिबद्धता पूरा हुनुपर्ने थियो । कृषि, पशु र अरु थुप्रै क्षेत्रका ऐनहरु आउनुपर्ने र नयाँ बन्नुपर्ने बताइएको छ । साथै खाद्य ऐन, स्टान्डर्ड नापतौल ऐन, कालोबजार ऐन २०३२ र अरु पनि संशोधन गरी आउनुपर्ने बताइएको थियो ।

उपभोत्तता हित संरक्षणविरुद्ध कानुन उपभोक्ता अदालत निर्माण भएको र कार्यान्वयनको शून्यताले कालोबजारीको जालो बढ्दो छ । पेट्रोल चुहावटमा वार्षिक कम्तीमा १५ अर्ब रुपियाँ अपचलन भएको आँकलन गरिएको छ । २०७२ को भारतीय नाकाबन्दी हट्नासाथ कालोबजारी नहटेको बताइन्छ । नाकाबन्दीमा मात्रै कालोबजारी भएको होइन भनिन्छ । बूढा ऐन कार्यान्वयनमा छैनन् । ती बूढा ऐनहरु कालाबजारीलाई निरुत्साहित गर्न र उपभोक्ताका हित प्रत्याभूत गर्न नेपालमा कानुन छन् तर ती धेरै पुराना भइसके । कालोबजार तथा केही सामाजिक अपराध तथा सजाय ऐन २०३२ धेरै पुराना भए ।

नियमनविनाको कमोडिटिज र स्टक एक्सचेन्ज बजारबाट ठगिएको गुनासो भई नै रहेको देखिन्छ । कारोबार गर्ने सफ्टवेयरबाट चलखेल गर्नेदेखि कमाएको रकमसम्म नदिने गुनासो फेरि ग्राहक र ब्रोकरले गर्न थालेको देखिन्छ । सट्टेबाजीको मात्र काम गर्ने एक्सचेन्ज खुलेको भने ११ वर्षभन्दा बढी भएको छ । कमोडिटिज कारोबारमा संलग्न एक्सचेन्ज कम्पनीहरु कैयन् भइसकेको ब्रोकर बताउँछन् । अलिक ठूलो कारोबार हुन थालेपछि सफ्टवेयरमा गडबडी गरेर ग्राहकलाई घाटा बनाएको देखिन्छ । तसर्थ कमोडिटिज एक्सचेन्ज नियमनको लागि ऐनको निर्माण र समय-समयमा संशोधन हुँदै जानुपर्दछ । वि.सं. २०७० तिर यससम्बन्धी ऐनको मस्यौदा तयार भएको थियो । विभिन्न देशमा कमोडिटिज एक्सचेन्जको नियमन शेयर बजारकै नियामकले गर्ने गरेको देखिन्छ ।

सन् १९९० मा शुरु गरिएका उद्योग, वाणिज्य, ऊर्जा, बैंकिङ र वित्तीय क्षेत्रका नीति, नियम र कानुनको अभ्यासको मूल्यांकन गर्दै दोस्रो चरणको सुधारका घोषणा नभएकाले ऐन बनाउन तथा संशोधन गर्न ढिलाइ भएको हो कि ? कानुन आउन ढिलाइ भएर समस्या भइरहे निर्देशिकासहित कार्यविधि नीतिगतरुपमा ल्याएर पनि लगानीमैत्री वातावरण बन्न सक्दैन ? तर यी सबै मस्यौदा एवम् विधेयक तयार भए पनि संसद्को पखाईमा सदैप रहेको देखिन्छ । अब त राजनितिक अस्थिरता छैन । किनभने नयाँ संविधान प्राप्त गरिसकेको छ । नेपाल सन् १९९२ पश्चात् खुला अर्थतन्त्रमा प्रवेश गरेलगत्तै शुरु भएको सशस्त्र द्वन्द्व र त्यसपछि संविधान २०७२ बन्नुअघिसम्म पनि राजनीतिक संक्रमणले आवश्यक ऐन-कानुन आउन नसकेको बताइन्छ । धेरैजसो ऐनका मस्यौदा तयार भए पनि पहिलेकै संसद्मा रहेको र केहीका मस्यौदा पनि बन्दै गरेको बताइन्छ ।

अझ पनि स्थानीय तह, प्रदेश र व्यवस्थापकीय संसद्को चुनाव नहुन्जेल राजनीतिक संक्रमणकाल भनिएको थियो । विद्यमान श्रम ऐनलाई प्रतिस्थापन गर्न बनेको विधेयक र सामाजिक सुरक्षा विधेयकलाई संसद्बाट पास गरी श्रमिकका लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम आ.व. २०७३/७४ बाट प्रारम्भ गरिने भनिएको थियो । २०८२ आइपुग्दा नेपाल सरकारको नीति तथा कार्यक्रममा उल्लिखित भए पनि विधेयक अधुरा भएका छन् । यसै कार्यक्रममा नेपालको समग्र राष्ट्रिय हितका लागि राष्ट्रिय सुरक्षा नीति तर्जुमा गरिने भनिएको छ । साथै राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी कानुन तर्जुमा गरिने उल्लेख छ । आगामी वर्षहरुमा सरकारको कार्यक्रममा नै संविधानसँग मेल नखाने १९३ वटा कानुनहरु सम्मानित सदनबाट संशोधन भइसकेका छन् भनिएको छ । साथै थप १३८ कानुनहरुको निर्माण आगामी आर्थिक वर्षहरुमा गरिने कुरा उल्लेख छ । यिनीहरुमध्ये केही मात्र कानुन भएका छन् ।

प्रतिस्पर्धी र तुलनात्मक लाभ हुने निकासीजन्य वस्तुहरुको विकास र बजार विविधीकरण गरी विश्व बजारमा निर्यात गर्न वाणिज्य नीति २०२३ र नेपाल एकीकृत व्यापार रणनीति २०२३ को प्रभावकारी कार्यान्वयनमा जोड दिइने कार्यक्रममा उल्लेख छ । साथै अन्तर्राष्ट्रिय बजारको सम्भावना बढ्दै गएको तयारी पोशाक उद्योगको विकास र विस्तार गर्न सिमरामा २ वर्षभित्र सबै पूर्वाधार पुऱ्याउने गरी विशेष आर्थिक क्षेत्र निर्माण कार्य अघि बढाइने भनिएको थियो । मूल आर्थिक प्रशोधन क्षेत्र अर्थात् सेज कानुन नबनेको दशकौंपछि कानुन आएको छ, भइसकेको छ ।

नयाँ र पुरानासहित ५९ विधेयक २०८१ माघ १८ देखि संसद्मा पेस हुने भनिएको थियो । यस अधिवेशनमा करिब ३० विधेयक संसद्मा पेस गर्ने तयारी अवस्थामा छ । विगतमा दर्ता भई २३ विधेयक संसद्मा विचाराधिन अवस्थामा रहेका थिए । जारी भएका ६ अध्यादेश पनि दर्ता पेस हुने अवस्थामा थिए । यीमध्ये ५ पास भए ।। हिउँदे संघीय संसद् अधिवेशन २०८१ माघ १८ मा शुरु भएको थिया । २०८१ चैत्र २०८१ सम्म पनि पाँच अधिवेशन चालू थिए । २०८० सम्ममा कुल ३ सय ऐन बनाउनुपर्नमा ११८ बनेका र १८२ ऐन बनाउन बाँकी थिए ।

पछिल्ला अधिवेशनमा करिब ३० विधेयक संसद्मा लैजाने तयारी भएको थियो । अघि नै दर्ता भएका २३ विधेयक संसद्मा विचाराधिन अवस्थामा थिए । सरकारले ल्याएका अध्यादेशका कारण संसद् बैठक शुरुदेखि पेचिलो हुने देखिएको थिए ।

सरकारले संसद् अधिवेशनमा जबर जस्ती अध्यादेश ल्याएको भन्दै विरोधमा उत्रन प्रतिपक्ष तयारीमा छन्, सरकार भने अध्यादेशलाई जति सक्दो पास गराउने रणनीतिमा रहेको छ । यसको बचाउका लागि सरकार पक्ष र प्रतिपक्ष लागेको छ ।

सरकारले जारी गरेका अध्यादेश संसद् अधिवेशनमा शुरु भएको दिनमै पेस गर्नुपर्ने संवैधानिक प्रावधान रहिआएको छ ।

६ अध्यादेश २०८१ माघ १८ मा प्रतिसभामा र राष्ट्रिय सभा दुवैमा पेस गर्ने सूची रहेको संसद् सचिवालयले बताएको थियो । दुवै संसद्ले स्वीकार नगरे वा त्यसमाथि कुनै निर्णय नलिएर सदनको बैठक बसेको ६० दिनपछि अध्यादेश स्वत: निष्क्रिय हुने प्रावधान छ । प्रतिपक्ष दल अस्वीकार गरियोस् भन्ने सूचना सदनमा दर्ता गराउने तयारीमा थिए । संसद्मा रहेको विधेयक फिर्ता नगरी अध्यादेश ल्याइएको थियो । यस्तो तवरले अध्यादेश ल्याउनु संसदीय मूल्य-मान्यता विपरीत देखिन्छ । गलत तरिकाले अध्यादेश ल्याएमा विपक्षी दल सशक्तरुपले अगाडि बढ्नेछ । प्रतिपक्ष दलले महँगी र भ्रष्टाचारजस्ता विषयमा अगाडि बढ्ने भनिएको थियो । त्यसैले अवस्था अलि गन्जागोल छ ।

(लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका पूर्व-नायब कार्यकारी निर्देशक हुनुहुन्छ ।)

वर्ष -१७, अंक- १,
२०८२ साल साउन ६ गते मंगलबार
22 JULY 2025, TUESDAY

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP



# देवघाटमा विद्युतीय शवदाह भवन निमार्णको कार्य सम्पन्न

चितवन- पवित्र धार्मिक तीर्थस्थल देवघाटमा सात वर्षअघि निर्माण थालिएको विद्युतीय शवदाह भवनको निर्माण कार्य सम्पन्न भएको छ। विद्युत् र मेसिन जडानसँगै आगामी भदौदेखि शवदाह पूर्ण रूपमा सञ्चालनमा आउने भएको हो।

विक्रम संवत् २०७५ माघ ३ गते निर्माण थालिएको शवदाह भवन पटक-पटक मिति थप हुँदै अहिले सम्पन्न भएको हो। मिलिनियम सिद्धगढी जेभीले ठेक्का पाएको शवदाह भवन सघन सहरी तथा भवन निर्माण कार्यालय भरतपुरले निर्माण गरेको हो।



कार्यालयका प्रमुख झपटबहादुर थापाका अनुसार साउनभित्रमा शवदाह भवनको बाँकी काम सम्पन्न गरी भरतपुर महानगरपालिकालाई हस्तान्तरण गर्ने तयारी छ।

भवनको निर्माणसम्पन्न भए पनि यसमा विद्युत् जोड्ने, शवदाहको मेसिन जडान, प्रविधिलाई तालिमलगायतको काम बाँकी रहेको उनले जानकारी दिए। यी सबै काम सम्पन्न गरेर शव पोल्ने जनशक्तिलाई तालिम दिएपछि दायित्व पूरा हुने उनको भनाइ छ। आन्तरिक तयारीको सबै काम सकिएपछि भवन हस्तान्तरण गरिने उनले बताए।

भवनको काम हेर्दै आएका कार्यालयका इन्जिनियर द्रोण कटुवालका अनुसार विद्युत् जडानका लागि मिटर आइसकेको छ। केही दिनमा मिटर जडान हुनेछ। यससँगै महानगरपालिकाले पठाउने जनशक्तिलाई तालिम दिइनेछ।

भवनमा दुईवटा शवदाह गर्ने मेसिन जडान गरिएको छ। ती मेसिनले अधिकतम ९० मिनेटमा शवलाई जलाउनेछन्। शव राख्नुपर्दा चारवटा शव राख्न मिल्नेगरी 'फ्रिज' जडान गरिएको छ।

बर्सातमा पानीको सतह माथि आएकाले भुइँतला खाली गरी माथिल्लो तलामा उपकरण जडान गरिएको छ। क्रियापुत्री बस्नका लागि ठाउँ छुट्याइएको छैन। आवश्यकता अनुसार क्रियापुत्रीका लागि भुइँतलामा व्यवस्थापन गर्न सकिने उनले बताए। भवनमा शौचालय, स्नानघरलगायतका सुविधासमेत रहेको छ।

देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक सदन बरालले विद्युतीय शवदाहले धेरै सहज हुने बताए। उनका अनुसार सरदर हिसाब गर्दा दैनिक सात दशमलव पाँच शव देवघाट आउने गर्दछन्। ती शव अन्त्येष्टि गर्न अहिले एक महिनामा रु दुई लाख ५० हजारको दाउरा खरिद गर्नुपरेको छ। विद्युतीय शवदाह सञ्चालनसँगै दाउराको खपत घट्ने उनको भनाइ छ।

बर्सातमा शव जलाउन कठिन हुने, दाउराको समस्या, समयको बचत सबै विषयले शवदाह धेरै प्रभावकारी हुने उनले बताए। सहरी विकास कार्यालयले रु ११ करोड २१ लाख आठ हजार ६४१ मा शवदाह गृह निर्माण गरेको हो। शवदाह भवन ६०० वर्गमिटर क्षेत्रफलमा बनेको छ।

## रामेछाप डायरी

# रामेछापमा एक वर्षमा सवारी कारबाहिबाट ३२ लाख बढि राजश्व संकलन

रामेछाप- रामेछापमा एक वर्षको अवद्यिमा सवारी साधन कारबाहिबाट ३२ लाख ७८ हजार मात्रै राजश्व संकलन भएको छ। आर्थिक वर्ष २०८१ को साउन महिनादेखी २०८२ को असार मसान्तसम्मको अवद्यिमा ३२ लाख ७८ हजार २ रुपैयाँ राजश्व संकलन भएको हो।



ट्राफिक नियम विपरित चलेका ठुला तथा साना सवारी साधनहरु कारबाहीबाट उक्त राजश्व संकलन गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापका प्रमुख एवं प्रहरी सहायक निरीक्षक सुवाशचन्द्र मण्डलले बताउनुभयो। उहाँका अनुसार साउन महिनामा २ सय ४२ वटा सवारी साधन कारबाहीबाट ३६ हजार ५ सय रुपैयाँ राजश्व संकलन भएको हो।

भदौमा ३ सय १३ सवारी कारबाहिबाट २ लाख ९३ हजार,असोजमा २ सय ४१ सवारी कारबाहिबाट २ लाख ७० हजार २ सय राजश्व संकलन भएको हो। कातिकमा २ सय ८४ वटा सवारी कारबाहिबाट ३ लाख ३० हजार ५ सय,मंसिरमा २ सय १२ वटा सवारी कारबाहिबाट २ लाख ३० हजार ५ सय,पुसमा २ सय ९ वटा सवारी कारबाहिबाट २ लाख २५ हजार ५ सय राजश्व संकलन भएको हो।

यसैगरी माघ महिनामा १ सय ८९ वटा सवारी कारबाहिबाट २ लाख १ हजार राजश्व संकलन भएको प्रसनि मण्डलले बताउनुभयो। फागुनमा २ सय १५ वटा सवारी कारबाहिबाट २ लाख ३४ हजार ५ सय र चैत्रमा २ सय ४४ वटा सवारी कारबाहिबाट ३ लाख ३ हजार राजश्व संकलन भएको उहाँको भनाई छ।

वैशाख महिनामा २ सय ६५ वटा सवारी कारबाहिबाट ३ लाख १५ हजार,जेठ महिनामा ३ सय १९ सवारी कारबाहिबाट ३ लाख ३६ हजार ५ सय र असार महिनामा २ सय ९७ वटा सवारी कारबाहिबाट ३ लाख १ हजार राजश्व संकलन भएको हो। एक वर्षमा ३ हजार ३० वटा सवारी कारबाहिमा परेका हुन। सबैभन्दा धेरै कार,जिप,भ्यान र मोटरसाईकल कारबाहिमा परेका हुन।

वितेको ३ आर्थिक वर्षको तथ्यांकलाई हेर्ने हो भने सबैभन्दा कम राजश्व संकलन गत आ.व मा भएको हो। आ.व २०७८/७९ मा ११ हजार ८ सय ५० वटा सवारी कारबाहिबाट एक करोड ७ लाख ४५ हजार राजश्व संकलन भएको थियो।

आ.व २०७९/८० मा ८ हजार ८ सय ८ वटा सवारी कारबाहिबाट ८० लाख ५९ हजार राजश्व संकलन भएको थियो। आ.व २०८०/८१ मा ८ हजार ८ सय ९ वटा सवारी कारबाहीबाट ८१ लाख ४० हजार ५ सय राजश्व संकलन भएको थियो। आ.व २०८१/८२ मा ३ हजार ३० वटा सवारी कारबाहिबाट ३२ लाख ७८ हजार २ रुपैयाँ मात्रै राजश्व संकलन भएको हो।

सवारी चालक तथा यात्रुहरु सचेत भएका कारण पनि सवारी कारबाहि संख्या घटेको र सवारी कारबाहि संख्या घट्दा राजश्व संकलनमा कमी आएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रामेछापले जनाएको छ।

सिट संख्या भन्दा बढि यात्रु राख्ने, हेल्मेट नलगाउने, ब्लुबुक, सवारी इजाजत पत्र नबोक्ने,लापसे गरी सवारी चलाउने लगायत ट्राफिक नियम उलंघन गर्नेलाई कारबाहि गरिएको बताइएको छ।

# कांग्रेस थोत्रो भयो भन्ने नकारात्मक भाष्य स्थापित गर्न खोजिँदैछ : महामन्त्री थापा

काठमाडौं- नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले कांग्रेस पुरानो र मूल्यहीन भयो भन्ने भाष्यलाई चिर्न आवश्यक रहेको बताएका छन्।



पार्टी केन्द्रीय कार्यालय सानेपामा नेपाली कांग्रेस पुस्तकालय तथा पार्टी अध्ययन स्रोत केन्द्र विभागद्वारा आयोजित सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै थापाले सोमबार नेपाली कांग्रेसको मुख्य चुनौती भनेकै पुरानो र थोत्रो खराब हो र मूल्यहीन हो भन्ने कुरालाई चिर्नु रहेको बताएका हुन्।

समाजमा स्थापित गर्न खोजिएको कांग्रेस पुरानो भयो भन्ने नकारात्मक भाष्यबाट बाहिर निकाल्नु जरुरी रहेको बताए। कांग्रेस पुरानो हुनुमा आफूलाई गर्व रहेको उनको भनाई छ।

महामन्त्री थापाले भने, 'आज नेपाली कांग्रेस अगाडिको प्रश्न, चुनौती भनेकै के छ भने पुरानो भनेको थोत्रो, पुरानो भनेको खराब, पुरानो भनेको सबैभन्दा मूल्यहीन भन्ने ढङ्गबाट समाजमा जबर जस्त जुन नकारात्मक भाष्य स्थापित गर्न खोजिँदैछ। त्यसबाट नेपाली कांग्रेस बाहिर निस्किएर आउनुपर्नेछ। हामीलाई पुरानो भएकोमा गौरव छ। हामीलाई आफ्ना धेरै परम्पराहरूमा गौरव छ। यो मुलुकमा, यो धर्तीमा त्यही पुरानो नेपाली काँग्रेसले थुप्रै कुरा ल्याएको छ, योगदान गरेको छ, हाम्रो नेतृत्वमा भएको छ।'

उनले थपे, तर हामी सँगसँगै नयाँ जमानाको, नयाँ समाजका कुरालाई सिक्न पनि तयार छौँ। सुन्न पनि तयार छौँ। ग्रहण गर्न पनि तयार छौँ। आफूलाई नयाँ कुराको लागि तयार हुन पनि तयार छौँ। पुराना जुन राम्रा कुरा छन् त्यसलाई जोगाउँछौँ, नयाँ कुरा थप्दै जान्छौँ। नयाँ ज्ञानको खोजी गर्दछौँ, नयाँ नयाँ ढङ्गले विवेचना, मीमांसा गर्दछौँ। आजको समाजको समाधानलाई इतिहासको चेत राखेर पुरानो कुराबाट पनि हेर्छौं, २००७, २०४६, २०६२ को चर्चा गर्दछौं, त्यो आन्दोलनको चस्माले पनि हेर्दछौं। सँगै आजको समाजलाई आजकै युगको चेतनाका आधारमा बुझ्ने प्रयास गर्दछौँ र भोलिका निम्ति बाटो देखाउने प्रयास गर्दछौँ भन्ने कांग्रेस बनाउनुपर्छ।'

महामन्त्री थापाले काँग्रेसमा थप बहस, थप छलफल, पठनपाठनको संस्कृति आवश्यक रहेको बताए।

# पर्यटनमन्त्री पुगे पशुपतिनाथ अनुगमनमा



काठमाडौं- साउनको पहिलो सोमबारका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पशुपतिनाथ मन्दिर अनुगमनमा पुगेका छन्।

धार्मिक आस्थाका दृष्टिले महत्त्वपूर्ण साउन महिनाको सोमबार शिवभक्तका लागि विशेष दिन मानिन्छ। पशुपतिनाथ मन्दिरमा लाखौं भक्तजनको भीड लाग्छ।

अनुगमनमा मन्त्री पाण्डेले पशुपतिनाथ क्षेत्र विकास कोष, नेपाल प्रहरी, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी र अन्य सम्बन्धित निकायद्वारा भक्तजनका लागि गरिएको व्यवस्थाको स्थलगत अवलोकन गरे।

उनले दर्शनार्थीसँग समेत कुराकानी गरे। दर्शनार्थीले पनि छोटो समयमा सहज र शान्तिपूर्ण रूपमा दर्शन गर्ने वातावरण मिलाइएको प्रति मन्त्री पाण्डेको प्रशंसा गरे।

यस वर्ष साउनको पहिलो सोमबार दिउँसो २ बजेसम्म करिब १ लाखभन्दा बढी भक्तजनले पशुपतिनाथ दर्शन गरिसकेका छन्। भक्तजनको सहज आवागमनका लागि गौशाला र तिलगंगासम्म सटल बस सेवा सञ्चालनमा ल्याइएको छ, जसले पैदल यात्रुलाई राहत दिएको छ।

अनुगमन क्रममा मन्त्री पाण्डेले शान्तिपूर्ण तथा अनुशासित रूपमा दर्शन गरिरहेका भक्तजनप्रति आभार प्रकट गर्दै आगामी दिनमा थप प्रभावकारी व्यवस्थापनका लागि सम्बद्ध निकायलाई सक्रिय रहन निर्देशन समेत दिए।

साउन महिनाभरि प्रत्येक सोमबार पशुपतिनाथमा भक्तजनको भीड लाग्ने भएकाले सुरक्षा र व्यवस्थापन पक्षलाई अझ चुस्त बनाइने मन्त्रालयले जनाएको छ।

यस्तै मन्त्री पाण्डेले सौर्य एयरलाइन्स दुर्घटनामा ज्यान गुमाएका सम्झनामा लगाइएको पितृमुक्ति ज्ञान महायज्ञमा समेत सहभागी भए।

# कर्णालीका ५० ठाउँमा तुइन रहेको प्रारम्भिक प्रतिवेदन



कांक्रेविहार (सुर्खेत)- तुइन हटाउने नीति लिएको कर्णाली प्रदेशले तथ्याङ्क सङ्कलन गरेको छ। तथ्याङ्कअनुसार १० जिल्लामा सङ्कलित तथ्याङ्कअनुसार ५० वटा तुइन रहेको प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका सिनियर डिभिजनल इन्जिनियर रमेश सुवेदीले जानकारी दिए।

तुइन विस्थापित गर्दै झोलुङ्गे पुल निर्माण गर्ने योजना अनुरूप विवरण माग गरिएको थियो। प्रदेशका १० मध्ये सात वटा जिल्लामा रहेका तुइनको विवरण मन्त्रालयलाई प्राप्त भएको हो। पूर्वाधार विकास कार्यालयबाट माग गरिएको विवरण अनुसार ५० वटा तुइन भएको विवरण प्राप्त भएको मन्त्रालयका प्रवक्ता सुवेदीले जानकारी दिए।

सङ्कलन गरिएको विवरणअनुसार सबैभन्दा धेरै तुइन हुम्लामा रहेको छ। हुम्लामा १५ वटा तुइन रहेको विवरणमा उल्लेख छ। हुम्लामा कर्णाली नदीमाथि छ वटा तुइन रहेको जनाइएको छ।

यसैगरी कालीकोटमा १२, जाजरकोटमा १२, दैलेखमा दुई, मुगुमा दुई, डोल्पामा तीन र सुर्खेतमा आठ वटा तुइन रहेको विवरण प्राप्त भएको छ। दैलेख, जुम्ला र रुकुम पश्चिमबाट विवरण प्राप्त भएको नभएको जनाइएको छ।

प्रदेश सरकारले चालु आर्थिक वर्षमा कर्णालीलाई तुइनमुक्त बनाउने नीति लिएको छ। नीति तथा कार्यक्रममा यो योजना समेटेर बजेटसमेत विनियोजन गरिएको छ।

तुइन विस्थापित गरेर झोलुङ्गे पुल निर्माण गर्न लागिएको हो। चालु आर्थिक वर्ष २०८२/८३ मा उक्त शीर्षकमा एक करोड ५० लाख बजेट विनियोजन गरिएको मन्त्रालयका प्रवक्ता सुवेदीले बताए।


गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष –१७, अंक– १,
२०८२ साल साउन ६ गते मंगलबार
22 JULY 2025, TUESDAY

# एन आई सी एशिया बैंक २८ औं वर्षमा प्रवेश




काठमाडौं- सम्पूर्ण सरोकारवालाहरूको पहिलो रोजाईको बैंक बन्ने दृढ संकल्पका साथ २८ वर्षअघि आजकै दिन शुरू भएको हाम्रो अतुलनीय यात्रा यहाँसम्म आइपुग्दा देशकै सबैभन्दा सहज, सबल, गतिशील, विश्वसनीय र उत्तरदायी बैंक बन्दै हामी २८ औं वार्षिकोत्सव मनाउन गइरहेका छौं ।

यस दौरानमा हामी प्रति अनवरत रुपमा अगाध स्नेह एवं भरोसा दर्शाइ सबैको "बैंक पनि साथी पनि, राम्रो पनि हाम्रो पनि" बन्न अतुलनीय योगदान दिनुहुने हाम्रा समस्त ग्राहक महानुभावहरु, नियामक निकायहरू, शेयरधनी महानुभावहरू, कर्मचारीहरू लगायत सम्पूर्ण सरोकारवालाहरू प्रति अत्यन्त अनुगृहीत रहँदै सादर नमन एवं धन्यवाद व्यक्त गर्न चाहन्छौं । आजसम्म आइपुग्दा नेपालको वित्तीय क्षेत्रमा जति योगदान गर्न सफल भएका छौं त्यसको सम्पूर्ण श्रेय यहाँहरूलाई नै जान्छ ।

साथै, आगामी दिनहरुमा अझ विश्वस्तरीय, अत्याधुनिक, प्रविधिमैत्री, ग्राहकमैत्री तथा अनुकरणीय अनुभव सहितको बैंकिङ्ग सेवा एवम् सुविधाहरु प्रदान गर्दै सबै सरोकारवालाहरुको पहिलो रोजाईको बैंक बन्ने अठोट गर्दछौं ।

डिजिटल फष्ट बैंक बन्ने अभिप्रायले अग्रसर भइरहेकोमा हामी आफ्नो भौतिक उपस्थितिलाई समेत दरिलो बनाउँदै स्थापनाकालदेखि हालसम्म आइपुग्दा मुलुकभर ३६० शाखा कार्यालयहरू, ६७० एटिएम, ११६ वटा विस्तारित काउन्टर एवं ४२ वटा शाखा रहित शाखा सञ्जालबाट लाखौं ग्राहक महानुभावहरुमाझ गतिशील बैंकिङ्ग पार्टनरको रुपमा जोडिएका छौं ।

देशको अर्थतन्त्रको सवलीकरण तथा उच्च आर्थिक वृद्धिमा टेवा पुऱ्याउन उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै डिजिटल भुक्तानीलाई अझ सशक्त बनाउँदै वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा समेत शाखा विस्तार गरी निर्वाध रुपमा बैंकिङ्ग सेवा देशको कुनाकुनामा पुऱ्याउन हामी सफल भएका छौं ।

# वाणिज्य बैंकहरुको ऋण विस्तारमा दुई खाले रणनीति : आधा बैंक आक्रामक, बाँकी संयमित

काठमाडौं- गत आर्थिक वर्ष वाणिज्य बैंकहरुको कर्जा विस्तार लक्ष्यअनुसार पुग्न सकेन । वर्षभरी नै ऋणको ब्याज दर घट्दो क्रममा रहे पनि लगानीकर्तामा 'कन्फिडेन्स' नहुँदा ऋण विस्तार लक्ष्य अनुसार नभएको हो ।

नेपाल राष्ट्र बैंकको लक्ष्य १२ प्रतिशत थियो भने ९ प्रतिशतभन्दा कम मात्र ऋण विस्तार भयो । निक्षेप पनि साढे १३ प्रतिशतले मात्र बढेको छ । गत आर्थिक वर्ष कर्जा निक्षेप अनुपात (सीडी रेसियो) औसतमा ७६.१८ प्रतिशत कायम भएको छ ।


सञ्चालनमा रहेका कुल २० बैंकमध्ये केही बैंकहरुले ऋण विस्तारमा आक्रमक नीति लिएका छन् भने केहीले खराब ऋण घटाएर जाने रणनीति लिएका छन् । केही बैंकको ऋण विस्तार अघिलो वर्षभन्दा पनि घटेको छ ।

खासगरी कमजोर संस्थासँग मर्जरमा गएर खराब ऋण चुलिएका संस्थाहरुले प्राथमिकतामा 'रिकभरी' लाई राख्दा खासै वृद्धि हासिल गर्न सकेनन् । डुबेको ऋण उठाउने र भएको व्यापार जोगाउने रणनीतिमा लागेका बैंकहरु सीमित मात्र छन् ।

केही बैंक भने निकै एग्रेसिभ देखिएका छन् । गत आर्थिक वर्ष कुमारी, एनआइसी एसिया र स्ट्यान्डर्ड चार्टर्ड बैंकको ऋण लगानी अघिल्लो वर्षकोभन्दा पनि घटेको छ ।

प्रभु, नेपाल एसबीआइ, हिमालयन बैंकको ऋण विस्तार १० अर्ब रुपैयाँभन्दा कम छ । प्रभुको ५, हिमालयनको ७ र एसबीइआइको १० प्रतिशत हाराहारीले ऋण बढाएका छन् ।

बाँकी बैंकको ऋण विस्तार १० अर्ब रुपैयाँभन्दा माथि छ । ग्लोबल आइएमई करिब




| DATE | Deposit LCY | Deposit FCY | Deposit Total | Deposit Change | Lending LCY | Lending FCY | Lending Total | Lending Change |
|---|---|---|---|---|---|---|---|---|
| 31 Ashar 2081 | 5635 | 120 | 5755 | | 4524 | 47 | 4571 | |
| 32 Shrawan 2081 | 5594 | 122 | 5716 | -39 | 4523 | 51 | 4573 | 2 |
| 31 Bhadra 2081 | 5651 | 137 | 5789 | 73 | 4575 | 51 | 4626 | 53 |
| 30 Ashoj 2081 | 5774 | 148 | 5922 | 133 | 4631 | 51 | 4682 | 56 |
| 30 Kartik 2081 | 5754 | 150 | 5904 | -19 | 4625 | 55 | 4680 | -2 |
| 30 Mangsir 2081 | 5786 | 151 | 5937 | 33 | 4649 | 73 | 4722 | 42 |
| 29 Poush 2081 | 5830 | 157 | 5988 | 51 | 4731 | 85 | 4816 | 94 |
| 30 Magh 2081 | 5841 | 156 | 5997 | 9 | 4736 | 92 | 4828 | 12 |
| 29 Falgun 2081 | 5878 | 159 | 6037 | 40 | 4768 | 82 | 4851 | 23 |
| 31 Chaitra 2081 | 5962 | 158 | 6120 | 83 | 4829 | 86 | 4915 | 65 |
| 31 Baisakh 2082 | 5984 | 160 | 6143 | 23 | 4828 | 83 | 4911 | -4 |
| 31 Jestha 2082 | 6098 | 160 | 6258 | 115 | 4862 | 85 | 4947 | 36 |
| 32 Ashar 2082 | 6369 | 161 | 6531 | 273 | 4891 | 83 | 4975 | 27 |

५० अर्ब र नबिल ४५ अर्बले ऋण बढाउन सफल भएका छन् । एनएमबिले पनि करिब ३९ अर्बले ऋण बढाएको छ । सरकारी स्वामित्वमा राष्ट्रिय वाणिज्य बैंक अगाडि छ । बैंकले ४७ अर्ब रुपैयाँले ऋण बढाएको छ । एभरेष्ट बैंकले पनि ३७ अर्बले बढाएको छ ।

'बढ्दो तरलता र घट्दो ब्याज दरमा समेत वाणिज्य बैंकहरुभित्रै ऋण विस्तारमा बैंकहरु दुई वर्गमा विभाजित देखिन्छन्' एक बैंकरले भने, 'एकथरी आक्रामक भएर गएका छन् भने अर्कोथरी पर्ख र हेरको शैलीमा ऋण विस्तारमा संयमित देखिएका छन् ।'

उनका अनुसार, आधार दर्जनभन्दा केही बढी बैंकहरुले वर्षभरी नै पुरानो डुबेको ऋण उठाउने रणनीतिमा लागेको देखिन्छ । अर्को थरी रिकभरी पनि गर्ने र नयाँ ऋण विस्तारमा सँगसँगै लागेको देखिन्छ ।

अर्थतन्त्र सामान्य अवस्थामा नफर्किएको, खराब ऋण बढ्दो क्रममा देखिएको, उपभोग घटेर बजार चलायनमान नभएको विश्लेषणका आधारमा केही बैंक ऋण विस्तारमा संयमित देखिएका हुन् । अरु बैंक भने ऋण विस्तारबाटै माग बढाउनेतिर लाग्दा आक्रामक देखिएका हुन् ।

गत आर्थिक वर्ष एनआइसी एसिया बैंक ऋण र निक्षेप दुवै घटाएर अगाडि बढ्ने रणनीतिमा देखिएको छ । गत वर्ष बैंकले ३६ अर्ब रुपैयाँले निक्षेप घटाएको छ । बाँकी बैंकको निक्षेपमा सुधार छ ।

गत आर्थिक वर्ष बैंकहरुम कुल निक्षेप ६५ खर्ब ३१ अर्ब र कुल ऋण ४९ खर्ब ७५ अर्ब रुपैयाँ पुगेको छ ।

# एन आई सी एशिया बैंक र ओम हस्पिटलबीच स्वास्थ्य उपचारमा सहकार्य

काठमाडौं- एन आई सी एशिया बैंक र ओम हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.बीच यस बैंकका ग्राहक महानुभावहरुको स्वास्थ्य उपचार सेवामा विशेष छुट उपलब्ध गराउने सम्झौता सम्पन्न भएको छ ।

यस सम्झौतासँगै अब यस बैंकका ग्राहक महानुभावहरुले ओम हस्पिटलमा उपचार गरी डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुटको विशेष सुविधा प्राप्त गर्न सक्नुहुनेछ ।

उक्त सम्झौता पत्रमा यस बैंकका तर्फबाट डिजिटल पेमेन्ट इकोसिस्टम प्रमुख बिमल लम्साल र ओम हस्पिटलका तर्फबाट प्रमुख कार्यकारी अधिकृत यम बहादुर महतले हस्ताक्षर गर्नु भएको छ । यस सुविधाको उपभोग गर्न ग्राहक महानुभावहरुले यस बैंकको डेबिट कार्ड, क्रेडिट कार्ड वा प्रिपेड कार्ड प्रयोग गरी वा मोबैंक (:यद्मबलप) एपमार्फत भुक्तानी गर्नुपर्ने छ ।

यस बैंकले देशभरका विभिन्न अस्पताल तथा स्वास्थ्य



संस्थाहरुमा सशक्त रुपमा डिजिटल भुक्तानीको पहुँच विस्तार गर्ने उद्देश्य अनुरुप ओम हस्पिटलसँगको यस सहकार्यले ग्राहक महानुभावहरुको स्वास्थ्य उपचार र मुलुकको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गर्न सहयोग पुग्नेबैंकले विश्वास लिएको छ ।

# एसजी ग्रुपका निर्देशक घिमिरे युवा उद्यमी मञ्चको नेतृत्वमा चयन

काठमाडौं- एसजी ग्रुपका कार्यकारी निर्देशक सुदीप घिमिरेलाई नेपाल युवा उद्यमी मञ्चले राष्ट्रिय अध्यक्षमा चयन गरेको छ । काठमाडौंमा शुक्रबार भएको २१औं वार्षिक साधारणसभाले आर्थिक वर्ष २०८२/८३ का लागि नयाँ कार्यकारिणी समिति गठन गर्दै उनलाई नेतृत्वमा ल्याएको हो ।

एक दशकभन्दा बढी समयदेखि एसजी ग्रुपमा नेतृत्वदायी भूमिकामा रहेका घिमिरे उद्देश्यकेन्द्रित उद्यमी हुन् भने उनको समूह ऊर्जा, उत्पादन, व्यापार र वित्त क्षेत्रहरूमा क्रियाशील छ । यस वर्ष मञ्चले नेपाली युवा उद्यमशीलता क्षेत्रमा नवीनता, समावेशिता र प्रभावकारितालाई प्राथमिकताका रूपमा अघि सारेको स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको छ ।

मञ्चले यो वर्ष नेपाली युवा उद्यमीहरूलाई अन्तर ाष्ट्रिय स्तरमा जोड्ने उद्देश्यसहित छिमेकी मुलुकहरूका युवा उद्यमीहरूसँग रणनीतिक साझेदारी विस्तार गर्ने लक्ष्य राखेको छ ।

साथै, देशभित्रका कलेज, विद्यालय र युवा समुदायहरूसँग सहकार्य गर्दै प्रारम्भिक चरणमै नेतृत्व, उद्यमशीलता र परामर्शको प्रवर्द्धन गर्ने योजना पनि सार्वजनिक गरेको छ । युवाद्वारा सञ्चालित व्यवसायहरूले भोगिरहेका चुनौतीहरूको पहिचान गर्दै सम्बन्धित निकायहरूसँग सहकार्य गरेर नीतिगत वकालत गर्नेमात्र नभई व्यवसायमैत्री वातावरण सिर्जना गर्ने पनि मञ्चको प्रतिबद्धता छ ।

साधारणसभाले नयाँ राष्ट्रिय कार्यकारिणी परिषद् चयन गरेको छ । जसमा अध्यक्ष सुदीप घिमिरे निवर्तमान अध्यक्ष कुशलसुन्दर श्रेष्ठ, प्रथम उपाध्यक्ष आभूषण ज्योति कंसाकार, द्वितीय उपाध्यक्ष निविता प्रधान, महिला उपाध्यक्ष ऋचा श्रेष्ठ छन् । यस्तै कार्यसमिति सदस्यहरू कृष्ण सापकोटा, पवित्रबहादुर गौतम, विलाशा श्रेष्ठ, युनेशराज श्रेष्ठ, सुविन श्रेष्ठ र अभिमन्यु गोल्छा छन् ।

सभाले विगतका उपलव्धिहरूको समिक्षा गर्दै आगामी वर्षका योजनाहरूको खाका पनि सार्वजनिक गरेको छ । नव निर्वाचित अध्यक्ष घिमिरेले नवप्रवर्तन, समावेशिता र प्रभावमा केन्द्रित आफ्नो रणनीतिक दृष्टिकोण प्रस्तुत गर्दै मञ्चको उद्देश्य र मूल्यहरूलाई अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । कार्यसमिति सदस्यहरूले पनि आफ्नो भूमिका निर्वाह गर्दै मञ्चलाई नयाँ उचाइमा पुर्‍याउने अठोट दोहोर्‍याए ।

कार्यक्रमको उद्घाटन सभामुख देवराज घिमिरेले गरेको सभामा विभिन्न उद्योग व्यवसाय क्षेत्रका अग्रणीहरू तथा साझेदार संस्थाका प्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति थियो ।-

# तोरीमा १०% निर्यात महसुल लगाउने युक्रेनको निर्णयले नेपालमा तरंग

विराटनगर- नेपालमा तोरीदाना (रेपसिड)को तेस्रो निर्यातकर्ता राष्ट्र युक्रेनले आगामी सेप्टेम्बरदेखि यसको निर्यात महसुल १० प्रतिशत बनाउने भएको छ ।

युक्रेनी समाचार एजेन्सीका अनुसार त्यहाँको संसद्ले भटमास र रेपसिडको निर्यात महसुल १० प्रतिशत बनाउने प्रस्ताव पारित गरेको हो । अहिले रेपसिडमा निर्यात महसुल लाग्दैन । संसद्ले सेप्टेम्बर १ देखि लागू हुने गरी निर्यात महसुल १० प्रतिशत लाग्ने कानुन निर्माण गर्न त्यहाँको सरकारलाई निर्देशन दिएको छ ।

नेपालमा रेपसिड निर्यात गर्नेमा युक्रेन तेस्रो नम्बरमा पर्छ । गत आर्थिक वर्ष जेठ महिनासम्म सबैभन्दा बढी रेपसिड अस्ट्रेलियाबाट १० अर्ब ५८ करोड, क्यानडाबाट २ अर्ब २६ करोड र युक्रेनबाट १ अर्ब २१ करोड रुपैयाँ बराबरको आयात भएको छ ।

उद्योगीहरू केही समययता युक्रेनको तोरीमा आकर्षित भइरहेका थिए । सन् २०२५ देखि अस्ट्रेलिया र क्यानडाले रेपसिडको मूल्य जथाभावी वृद्धि गरेपछि उद्योगीहरु युक्रेनतिर मोडिएका हुन् ।

तर, युक्रेनले निर्यात महसुल १० प्रतिशत बनाएपछि अब विश्वबजारमै रेपसिडको मूल्य वृद्धि हुने देखिएको छ । रेपसिडको मूल्य सेप्टेम्बरदेखि ८ प्रतिशतसम्म बढ्ने उद्योगीहरूको आँकलन छ ।

व्यवसायीहरुका अनुसार विश्वबजारमा रेपसिडको मूल्य वृद्धि भएपछि नेपालमा तोरीको तेलको भाउ बढ्ने छ । नेपाल चामल दाल तेल उत्पादक संघका अध्यक्ष कुमुद दुगडले तोरीको तेलको मूल्य १५ प्रतिशतसम्म वृद्धि हुने बताए ।

'अन्तर्राष्ट्रिय बजारमा रेपसिडको मूल्य वृद्धि भएपछि तोरीको तेलमा असर पर्ने नै भयो । सेप्टेम्बरदेखि निर्यात शुल्क लाग्ने भएपछि नेपालमा चाडबाडका मुखमा तोरीको तेलको मूल्य वृद्धि हुनसक्छ,' दुगडले भने ।

दुगडका अनुसार यस वर्ष भारतमा तोरीको उत्पादन १५ प्रतिशतले खस्किएको छ । यसका कारण भारतमा तोरीको मूल्य वृद्धि भएको छ ।

तोरी र रेपसिड एकै प्रजातिका तेलहन बाली हुन् । तोरीमा तेलको प्रतिशत थोरै र रेपसिडमा धेरै हुन्छ । खेतीमा तोरीभन्दा रेपसिड बढी फल्छ । तोरीको तेलमा कडा गन्ध अर्थात् राग हुन्छ । उद्योगीहरू यसलाई झाँस भन्ने गर्छन् । तर, रेपसिडको तेल गन्धरहित हुन्छ । अन्तर्राष्ट्रिय बजारमा तोरीभन्दा रेपसिड सस्तो छ ।

संघका उपाध्यक्ष एवम् चन्द्रशिव आयल मिल्सका सञ्चालक नरेश राठीले अस्ट्रेलिया र क्यानडाको रेपसिड महँगो भएर उद्योगी युक्रेनतिर आकर्षित भइरहेका बेला निर्यात शुल्क वृद्धि हुने निर्णय आएको बताए ।

उपाध्यक्ष राठीका अनुसार अस्ट्रेलियाको रेपसिडबाट तेल सबैभन्दा बढी ४४ र युक्रेनको बाट ४३ प्रतिशत निस्कन्छ । त्यस्तै क्यानडाको रेपसिडबाट ४२ देखि ४४ प्रतिशतसम्म तेल निस्किन्छ । भारत र नेपालको तोरीबाट



३६ देखि ३८ प्रतिशत मात्र तेल उत्पादन गर्न सकिन्छ ।

भारतको तोरीभन्दा अस्ट्रेलिया, क्यानडा र युक्रेनको तोरी सस्तो पर्ने तथा तेल पनि बढी निस्कने हुँदा उद्योगीहरू समुद्रपारतर्फ मोडिएका हुन् ।

भन्सार विभागको तथ्यांक विश्लेषण गर्दा चालु आर्थिक वर्ष जेठ महिनासम्म भारतको तोरी किलोको १ सय रुपैयाँका दरले आयात भएको छ । क्यानडाबाट ९० रुपैयाँ ५० पैसा र अस्ट्रेलियाबाट ८८ रुपैयाँ ५० मा आयात हुँदा युक्रेनको तोरीको मूल्य किलोको ८५ मात्र परेको छ ।

उद्योगीहरूले समुद्रपारबाट आयातित रेपसिडमा भारत र नेपालको तोरी १० देखि २० प्रतिशत मिसाएर तेल उत्पादन गर्छन् । रेपसिडको तेल रागरहित हुने हुँदा रागका लागि उद्योगीले भारत वा नेपालको तोरी मिसाउने गर्छन् ।

युक्रेनले त्यहाँ कच्चा रेपसिडको निर्यात बढेर आन्तरिक प्रशोधन र उत्पादनमा गिरावट आएको हुँदा १० प्रतिशत निर्यात शुल्क लगाउन लागेको हो ।

यसलाई २०३० सम्म जारी राखिनेछ । यसपछि प्रत्येक वर्ष १ प्रतिशतका दरले घटाएर पाँच वर्षपछि ५ प्रतिशतमा स्थिर राखिनेछ ।

युक्रेनमा १९९९ मा यसरी नै निर्यात शुल्क लगाइएपछि प्रशोधित तेलको आन्तरिक उत्पादन ९ सय प्रतिशतले वृद्धि भएको थियो । तर, २०२५ को मध्यमा आइपुग्दा कच्चा सामग्रीको निर्यात बढेर प्रशोधित तेलको उत्पादन ३५ प्रतिशतले घटेको छ ।

रेपसिडमा युक्रेनको प्रस्तावित निर्यात शुल्कलाई लिएर अमेरिकी र युरोपेली व्यवसायीले असहमति जनाएका छन् । अमेरिकी चेम्बर अफ कमर्सले 'यस्तो शुल्क वृद्धिले बजारको प्रतिस्पर्धा सिद्धान्तलाई उल्लंघन गर्छ र यो युरो एकीकरणको प्रक्रियाअनुरूप पनि छैन । यस वृद्धिले अन्तर्राष्ट्रिय व्यापार र व्यवसायीमा असमान परिस्थिति उत्पन्न गर्नेछ' भनेको छ ।

त्यस्तै युरोपेली व्यापार संघले निर्णय फिर्ता लिन आग्रह गरेको छ । 'युद्धका बेला र त्यसपछिको अवधिमा भएको क्षतिको पूर्ति गर्न युक्रेनले कृषिक्षेत्रलाई महत्व दिएर कृषि उत्पादनको निर्वाध निर्यातलाई निरन्तरता दिनुपर्छ,' संघले भनेको छ ।

## खेलकुद

# बंगलादेशसँग हारेपछि नेपाल उप-विजेता



काठमाडौं- नेपाल सोमबार बंगलादेशको टिमबाट ४-० ले पराजित भएसँगै यू-२० साफ वुमेन्स च्याम्पियनसिप २०२५ को उप-विजेतामै सीमित भएको छ ।

उपाधि जित्नका लागि नेपाललाई प्रतियोगिताको अन्तिम तथा अघोषित फाइनल खेलमा बंगलादेशमाथि निश्चित जित आवश्यक थियो ।

तर बंगलादेशको ढाकास्थिति बसुन्धरा किङ्स एरेनामा भएको खेलमा घरेलु टिम बलियो साबित भयो । उसको प्रभावशाली जितमा सागोरिका नायिक रहिन् र उनले ह्याट्रिक सहित चार गोल गरिन् । बंगलादेशी राष्ट्रिय टिमकी सदस्य समेत रहेकी उनले खेलको ८, ५१, ५८ र ७७ औं मिनेटमा गोल गरिन् ।

डबल राउन्ड रोबिनको आधारमा सञ्चालन भएको प्रतियोगिताका यो नतिजापछि बंगलादेश सबै छ खेलमा विजयी रह्यो र १८ अंक बटुलेर शीर्ष स्थानमा रह्यो । नेपाल भने १२ अंकमा सीमित रहेर दोस्रो स्थानमा रह्यो । नेपाल पराजित दुवै खेल बंगलादेशविरुद्ध नै रह्यो ।

भुटान र श्रीलंकामाथि भने नेपाल सजिलै विजयी रहेको थियो । कुल चार टिमको सहभागिता रहेको प्रतियोगितामा भुटान छ र श्रीलंका शून्य अंकमा रह्यो । भुटानले दिनको पहिलो खेलमा श्रीलंकालाई ५-० ले हराएको थियो । भुटानले प्राप्त गरेका दुवै टिम श्रीलंकाविरुद्ध रहेको थियो ।

# त्रियोग चेसमा प्रसियस र ओस्कार विजयी

काठमाडौं- पाँचौं त्रियोग अन्तर स्कुल चेस प्रतियोगिताको सोमबार सम्पन्न कक्षा ८ देखि १० छात्रातर्फ मनकामनाकी प्रसियस अधिकारी र छात्रतर्फ पाठशालाका ओस्कार पन्त विजयी भए ।

छात्रामा मार्भलियसकी कृष्टि रिजाल दोस्रो र डीएभीकी प्रज्ञा पन्त तेस्रो भए । छात्रमा पुष्पबाटिकाका स्पर्नमान श्रेष्ठ दोस्रो र मातृभूमिका सविद प्रजापति तेस्रो भए ।

त्रियोग हाइस्कुलले स्विस लिग प्रणालीमा आयोजना गरेको प्रतियोगितामा ६० विद्यालयका करिब ४ सय विद्यार्थीको सहभागिता थियो । कुल ८ स्पर्धामध्ये कक्षा १ देखि ३ सम्म युरो स्कुल, ४ र ५ कक्षातर्फ अन्नपूर्ण स्कुल, ६ र ७ कक्षातर्फ नि:सर्ग बाटिका तथा ८ देखि १० कक्षासम्म मनकामना स्कुल विजेता बनेका थिए ।



कक्षा १ देखि ३ छात्रामा युरोका रुबेस्री चौलागाईं र आद्रिसी भट्टराई तथा अन्नपूर्णका रिहाना श्रेष्ठ र छात्रमा काठमाडौं गुरुकुलका सुनभ ओझा, रातो बंगलाका शुभंग प्रधान र निस्टका कविनसिंह रावत शीर्ष तीन स्थानमा विजयी भए । कक्षा ४ र ५ छात्रामा फ्युचर स्टारका ग्लोसी श्रेष्ठ, आईडब्लूएसकी अग्रता आचार्य र अन्नपूर्णकी तृष्टिना बस्नेत तथा छात्रमा माछापुच्छ्रेका साहस श्रेष्ठ, दीपज्योतिका मन्दिप आलेमगर र ल्याब स्कुलका अंकुर पोखरेल क्रमश: पहिलो, दोस्रो र तेस्रो भए ।

छात्रा ६ र ७ मा मार्भलियसका निहाना श्रेष्ठ पहिलो, त्रियोगकी श्रीयसी तुलाधर दोस्रो र विश्व निकेतनकी उज्भानी कणेल तेस्रो भए । छात्रतर्फ पुष्प सदनका हार्दिक पन्त पहिलो, नि:सर्ग बाटिकाका सात्विकमान तुलाधर दोस्रो र प्रसित खनाल तेस्रो भए ।


## नागार्जुन नगरपालिका
## नगर कार्यपालिकाको कार्यलय

### नगरवासीहरुमा अनुरोध

- नागार्जुन नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्दा भवन निर्माण आचार संहिता २०७२ र नगरपालिकाको मापदण्ड बमोजिम मात्र गर्ने गरौं ।
- मापदण्ड विपरित निर्माण कार्य आफू पनि नगरौं र अरुलाई पनि गर्न नदिऔं ।
- नागार्जुन नगरपालिकालाई व्यवस्थित र सुन्दर शहर बनाऔं ।
- आफ्नो कम्पाउण्ड भित्र कम्तीमा एक रुख अनिवार्य रोपौं ।
- हरेक निवासमा कम्तीमा एम्वुलेन्स र दमकल जाने गरी बाटोको मापदण्ड प्रयोग गरौं ।
- भवन निर्माण गर्दा सेफ्टी ट्याक्ती अनिवार्य रुपमा बनाऔं । खुल्ला नाली तथा खोलामा शौचालयको पाईप नछोडौं ।
- आफ्नो टोल छिमेकलिाई प्रतिकूल असर हुने गरी भवन निर्माण नगरौं ।
- भवन निर्माण गर्दा सार्वजनिक बाटो, पर्ती जग्गा, वन, खोला, पाटी पौवा, मन्दिर लगायत अन्य सार्वजनिक सम्पत्तिका जग्गा अतिक्रमण नगरौं ।
- कमशल निर्माण सामाग्री प्रयोग गरी भवन निर्माण नगरौं ।
- भूकम्पीय जोखिम प्रतिरोधात्मक भवन निर्माण गरौं ।
- आवश्यक जानकारीको लागि नगरपालिका कार्यालयमा सम्पर्क गरौं ।
- प्राकेतिक श्रोत साधानको संरक्षण र संम्बर्द्धन गरौं ।

सम्पर्क नं. ०१५६७७१७

नागार्जुन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय


# वीरगञ्जमा निशुल्क धारा जडान र धरौटी शुल्कमा छुट

काठमाडौं- खानेपानी मन्त्रालय अन्तरगतको नेपाल खानेपानी संस्थान र वीरगञ्ज महानगरपालिकाबीच वीरगञ्जमा खानेपानी सेवा विस्तारका लागि एक महत्वपूर्ण समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

खानेपानीमन्त्री प्रदीप यादवको विशेष उपस्थितिमा नेपाल खानेपानी संस्थानका तर्फबाट महाप्रवन्धक अर्जुनबाबु ढकाल तथा वीरगञ्ज महानगरपालिका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले उक्त समझदारीपत्रमा हस्ताक्षर गरेका हुन् ।

उक्त समझदारी अनुरूप अबदेखि नयाँ उपभोक्ताहरूलाई धारा जडान प्रक्रिया सहज, सरल र प्रभावकारी बनाइने तथा सेवा लिने नागरिकहरूलाई निस्शुल्क धारा जडान गरी नयाँ जडानका लागि लाग्ने धरौटी शुल्कमा छुट प्रदान गरिने व्यवस्था गरिएको मन्त्री यादवले जानकारी दिएका छन् ।

उन्ले भने "संस्थानको वीरगञ्ज शाखामा आवश्यक जनशक्ति अभिवृद्धि गरिनेछ, जसबाट त्यहाँको खानेपानी समस्या समाधान गर्न सहयोग पुग्नेछ ।" आज यस समझदारीपत्र हस्ताक्षरले वीरगञ्जबासीको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने विश्वास लिईएको मन्त्री यादवले बताए ।




वीरगञ्ज महानगरपालिका सहित तराई-मधेशका जिल्लामा दिनप्रतिदिन विकराल बन्दै गएको खानेपानी समस्याको तत्काल तथा दीर्घकालीन समाधानका लागि मन्त्रालय, विभाग तथा खानेपानी संस्थान अहोरात्र खटिएको छ ।

उक्त समझदारीपत्रमा हस्ताक्षर कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंह, खानेपानी मन्त्रालयका सचिव ई प्रमिलादेबी शाक्य बज्राचार्य, खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक ई रामकुमार श्रेष्ठ, खानेपानी संस्थानका अध्यक्ष डा. ढुण्डिराज भट्टराई, संघीय खानेपानी तथा ढल व्यवस्थापन पर्सा प्रमुख बिपुल दास, नेपाल खानेपानी संस्थान पर्सा प्रमुख प्रबीन साह, नेपाल खानेपानी संस्थान बारा प्रमुख सञ्जीब यादव, बीरगञ्ज महानगरपालिका प्रमुख प्रशासकिय अधिकृत अरबिन्दलाल कर्ण, नेपाल खानेपानी सस्थानका बोर्ड सदस्य लगायतको सहभागीता रहेको थियो ।

# बेनीका तीन वटा धार्मिकस्थल जोड्ने सडक स्तरोन्नति सुरु

बेनीका तीन वटा धार्मिकस्थल जोड्ने सडक स्तरोन्नति सुरु

म्याग्दी- जिल्लाको बेनी नगरपालिकामा रहेका तीन वटा धार्मिकस्थल गलेश्वर, पुलाश्रम (पछै) र जगन्नाथ जोड्ने सडक स्तरोन्नति गर्न सुरु गरिएको छ । गलेश्वर हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार हो भने पछैमा हिन्दू धर्मग्रन्थ रामायणको पात्र रावणको जन्म भएको र परापूर्व कालमा ऋषि मुनिहरूले तपस्या गरेर ज्ञान आर्जन गरेका थिए । जगन्नाथमा तत्कालीन पर्वत राज्यका राजा दिलीप बम मल्लले बनाएको शिखर शैलीको मन्दिर छ ।

म्याग्दी हुँदै मुस्ताङ जाने तीर्थयात्रीलाई गलेश्वर, पछै र जगन्नाथमा भित्र्याउने, बसाइँ लम्बाउने र स्थानीयवासीको सहजताका लागि गण्डकी प्रदेश सरकारमार्फत गलेश्वरबाट पुलाश्रम जगन्नाथ भएर बेनी बजार जोड्ने सडक स्तरोन्नति गर्न थालिएको बेनी नगरपालिका-९ का वडाध्यक्ष चक्र केसीले बताए ।

"गलेश्वरस्थित बेनी-जोमसोम-कोरला खण्डलाई फराकिलो पार्ने, ग्रेड र घुम्ती सुधार गर्ने, नाली, पर्खाल निर्माण र ढलान गर्ने योजना छ", उनले भने, "अहिलेको ठेक्काबाट गलेश्वर-काउलेगौँडा क्षेत्रमा स्तरोन्नति हुनेछ । बाँकी खण्डमा स्तरोन्नतिका लागि बजेट व्यवस्थापन गर्न प्रदेश सरकारमा पहल गरेका छौँ ।"

गण्डकी प्रदेश सरकारले रु तीन करोड ५९ लाख ९८ हजार बजेटको स्रोत सुनिश्चित गरेको उक्त आयोजना निर्माणका लागि बिबिपीएल बिएस डिएस धौलागिरि छनोट भएको पूर्वाधार विकास कार्यालयले जनाएको छ । रु दुई करोड २३ लाख ४६ हजारमा ठेक्का सम्झौता भएको योजनामार्फत बेनी-९ मा ढलान र ग्राभेलसहित स्तरोन्नति हुने पूर्वाधार विकास कार्यालयका प्रमुख विष्णु पौडेलले बताए । उनका अनुसार तीन सय मिटर ढलान र एक हजार ७०० मिटर ग्राभेलसहित स्तरोन्नति हुनेछ ।

गत असारमा सम्झौता गरेको ठेकेदार कम्पनीले काउलेगौँडा-कोसेपानी क्षेत्रमा डोजर परिचालन गरेर सडक फराकिलो बनाउने काम थालेको छ । यो सडक सम्पन्न भएसँगै बेनी-९, १०, रघुगङ्गा गाउँपालिका-५, ६ र ८ नं वडाका नागरिक प्रत्यक्ष लाभान्वित हुनेछन् ।

यसअघि बेनी नगरपालिकामार्फत गलेश्वर-काउलेगौँडा क्षेत्रमा करिब दुई किमी सडक स्तरोन्नति भएको थियो । गत कात्तिकमा दिवङ्गत भएकी गण्डकी प्रदेशसभा सदस्य बिमला गौचनले धार्मिकस्थल गलेश्वर, पुलाश्रम र जगन्नाथ जोड्ने यो सडकलाई बहुवर्षीय ठेक्का आह्वानका लागि प्रदेश सरकारसँग प्रस्ताव गरेकी थिइन् ।

बेनी-पाखापानी सडकको नेप्टेचौरबाट काउलेगौँडा र किराखोरबाट तीनमाने हुँदै पछैतर्फ पनि प्रदेश सरकारमार्फत विभिन्न ठाउँमा ढलान भएको छ । प्रदेश सरकारमार्फत गत वर्ष स्रोत सुनिश्चितता भएको रु २० करोड बजेटबाट बेनी-पाखापानी सडकअन्तर्गत बेनी-९ को किराखोरबाट नेप्टेचौर हुँदै तोरीपानी जोड्ने चार किमी सडक स्तरोन्नति भइरहेको पूर्वाधार विकास कार्यालयका प्रमुख पौडेलले जानकारी दिए ।

म्याग्दीबाट निर्वाचित गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जाली भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री हुँदा बेनी-पाखापानी सडक स्तरोन्नतिका लागि प्रदेश सरकारले रु चार करोड बजेट विनियोजन गरेर रु २० करोडको स्रोत सुनिश्चितता गर्ने निर्णय गरेको थियो ।

बेनीबाट किराखोरसम्मको सडक स्तरोन्नति गरेको बेनी नगरपालिकाले बेनी-पाखापानी सडकअन्तर्गत वडा नं ९ को वडा कार्यालयबाट गिठीनी पात्लेखेत हुँदै रघुगङ्गाको झिँ जोड्ने सडक स्तरोन्नति आयोजना सञ्चालन गरेको छ ।

# धरहरा चढ्नेको सङ्ख्या दोब्बर बढ्यो

काठमाडौं- धरहरा खुल्ने समय थप भएसँगै अवलोकनका लागि आउनेहरूको सङ्ख्या दोब्बर बढीले वृद्धि भएको छ । साउन १ गतेबाट धरहरा बिहान ८ देखि बेलुकी ८ बजेसम्म खुल्ला गरिएको छ । समय थप भएपछि धरहरा हेर्न आउनेहरूको सङ्ख्या दोब्बर भन्दा बढीले वृद्धि भएको धरहरा सञ्चालन तथा व्यवस्थापन इकाई सुन्धाराका प्रमुख महेश राईले जानकारी दिए ।

'बिहान ८ बजेदेखि बेलुकी ७ बजेसम्म टिकट खुल्छ । बिहान साढे ८ देखि बेलुकी ८ बजेसम्म अहिले सेवाग्राहीले धरहरा चढिरहनुभएको छ,' इकाई प्रमुख राईले भने, 'समय थप हुँदा निक्कै राम्रो भएको छ । धरहरा हेर्न आउनेहरूको सङ्ख्या विगतमा भन्दा दोब्बरभन्दा धेरैले वृद्धि भएको छ ।'

पहिला धरहरा दैनिक बिहान १० देखि बेलुका ४ बजेसम्म खुला गरिएकोमा अहिले समय थप गरिएको हो । पहिला दैनिक करिब ११ सयले धरहरा अवलोकन गर्ने गरेकोमा पछिल्लो ३ दिनमा ८ हजार ६ सय ३८ जनाले अवलोकन गरेका छन् । साउन १ गते २५ सय जनाले, २ गते २ हजार ६ सय ३१ र ३ गते ३ हजार ५ सय ७ जनाले अवलोकन गरेका राईले बताए । साउन १ देखि ३ गतेसम्ममा १५ लाख ५६ हजार ६ सय ५० रुपैयाँ सङ्कलन भएको छ ।

धरहरा अवलोकनका क्रममा भेटिएकी धादिङकी कल्पना तामाङले धरहरा चढ्दा दिउँसो भन्दा बेलुका रमाइलो लागेको बताइन् । 'बेलुकाको काठमाडौँको झिलिमिली दृश्य धरहराबाट हेर्दा एकदमै मनमोहक देखिँदो रहेछ । बिहान,दिउँसो भन्दा बेलुकाको दृश्य झनै राम्रो लाग्यो,' उनले आफ्नो अनुभव सुनाइन् । ०८१ मङ्सिरदेखि ०८२ असार मसान्तसम्ममा ५ करोड १२ लाख ६२ हजार ९ सय ९५ रुपैयाँ धरहरा चढ्नेहरुबाट सङ्कलन भएको छ ।

# दोस्रो क्रिएटिभ अन्तर्राष्ट्रिय म्युजिक अवार्ड २०२५ सम्पन्न



काठमाडौं- एक्टिभ म्युजिक प्रा.लि.ले आयोजना गरेको "दोस्रो क्रियटिभ अन्तर्राष्ट्रिय म्युजिक अवार्ड – २०२५"फाईनल कार्यक्रम सम्पन्न भएको छ ।

चलचित्र बिकासबोर्ड चाबहिलमा पुर्व उपराष्ट्रपति ,नेकपा(माओवादी केन्द्रका) उपाध्यक्ष एवं माओवादीले २०५२ साल देखि २०६३ साल सम्म गरेको जनयुद्धका चर्चित सैन्य कमाण्डर नन्द बहादुर पुन (पासाङ) को प्रमुख आतिथ्यतामा तथा एक्टिभ म्युजिक प्रा.लि.का प्रबन्ध निर्देशक बिजेन्द्र नौबागेको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रम पछिल्लो समय आम दर्शकहरुको मन मुटुमा बस्न सफल मोडल, साहित्यकार तथा कुशल कार्यक्रम सन्चालक दिपेन्द्र शाहीले सन्चालन गर्नुभएको थियो ,।

कार्यक्रममा बिशेष अतिथिको रुपमा चलचित्र कलाकार संघका अध्यक्ष वरिष्ठ निर्देशक तथा कलाकार मोहन निरौला, वरिष्ठ निर्देशक तथा कलाकार शुभाष प्रसाद गजुरेल,जन आकाश साप्ताहिकका सम्पादक तथा अध्यक्ष मोहन कार्की,पपुलर ग्रुप प्रा.लि.का अध्यक्ष गणेश बहादुर थापा,सुन्दर पकिल्पना सक्षम समाजकी अध्यक्ष कुमारी बाँठा मगर (मनु),वरिष्ठ निर्देशक तथा कलाकार राम काजि घिमिरे,वरिष्ठ अधिवक्ता तथा कलाकार कृष्ण प्रसाद ढुंगाना,भ्रष्टाचार बिरुद्ध नागरिक अभियान नेपालका अध्यक्ष अर्जुन केसी.,महासचिव कृष्ण हरी के.सी.वरिष्ठ कलाकार यादव बैरागी,लगायत सामाजिक तथा कलाकारीता क्षेत्रमा योगदान पुर्याउनुहुने बिशिष्ठ व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा बिभिन्न क्षेत्र मार्फत समाजिक रुपान्तरण र सांगीतिक क्षेत्रमा योगदान पुर्याउने ३१ जनालाई प्रमुख अतिथि पासाङबाट सम्मानपत्र प्रदान समेत गरिएको थियो ।

कार्यक्रममा 'लोक स्वर सम्राट'को रुपमा परिचित राजु परियारलाई रजत सम्मान प्रदान गरिएको छ। त्यस्तै, वरिष्ठ गायिका देविका बन्दनालाई सदाबहार गायिका सम्मान, गायीका टिका पुनलाई दशक सम्मान, सञ्चारकर्मी डि.बि.पराजुलीलाई सञ्चारकर्मी सम्मान, संगीत संयोजक राजु खड्कालाई संगीत साधक सम्मान, सामना शाहालाई गीतकार सम्मान युवा व्यवसायी तथा समाज सेवी ज्ञानेन्द्र गौतम लाई सामाजिक सेवा सम्मान लगायत विभिन्न श्रेणीमा व्यक्तित्वहरूलाई सम्मान गरिएको थियो ।

त्यस्तै नेपाली चलचित्र क्षेत्रकी पहिलो महिला निर्देशक सुचित्रा श्रेष्ठ, चलचित्र निर्माता शर्मिला पाण्डे, चरित्र अभिनेत्री रश्मी भट्ट, छायाँकार केशव अधिकारी, भिडियो सम्पादक इनिश बुढाथोकी, बाल कलाकार मञ्जली तामाङ र आरिया शाही, उद्घोषक दिपेन्द्र शाही, कलाकार दिनेश डाँगी, मोडल देव महतो लगायत अन्य कलाकारलाई समेत सम्मान प्रदान गरिएको हो ।

कार्यक्रमको बारेमा जानकारी तथा स्वागत मनतव्य दिदैं प्रबन्ध निर्देशक बिजेन्द्र नौबागेले कलाकारीता क्षेत्रमा लागेका अग्रजहरुको सम्मान तथा अनुजहरुलाई हौसला प्रदान गर्ने खालका कार्यक्रम गर्नु एक्टिभ म्यूजिक प्रा.लिको मुख्य उदेश्य रहेकोले सोहि अनरुप योजना बनाएर कार्य अगाडी बढाई रहेको जानकारी गराउनु भयो ।

धुलिखेल नगरपालिका काभ्रे,श्रेष्ठ सप्लायर्स नयाँबजार काठमाडौं,पपुलर ग्रुप प्रा.लि. गोंगबु काठमाडौं,सुटमाला बागबजार तथा चलचित्र बिकासबोर्ड चाबहिलले प्रायोजन गरेको कार्यक्रममा २३ वटा बिधाका सर्वोकृष्टहरुलाई अवार्डबाट सम्मानित गरिएको थियो ।

२३ विधामा अवार्ड वितरण : सर्वोत्कृष्ट अवार्ड विजेताहरू

अवार्डका निर्णायक मण्डलका अनुसार सर्वोत्कृष्ट आधुनिक गायकमा रुपक डोटेल, आधुनिक गायिकामा नृत्यशिवा, लोकरदोहोरी गायिकामा माधव भण्डारी र सुनिता सुनार, लोक आधुनिक गायकमा सुरेश अञ्जान, भिडियो निर्देशकमा जेरि भण्डारी,गीतकार (आधुनिक)मा प्रनिल प्रधान, एरेन्जरमा सुनिल परियार, रेकर्डिस्टमा सरोज खड्का, सर्वोत्कृष्ट काठे लोक गित लय संकलक मदन नेपाली (सुफिक्स)ले अवार्ड प्राप्त गरेका छन् ।

त्यस्तै, सार्वजनिक मतका आधारमा उत्सव सुब्बा लामाले पब्लिक च्वाइस अवार्ड प्राप्त गरेका छन् भने जुरी अवार्डतर्फ गायक हुम गैरे र गीतकार मोहन लिम्बुले अवार्ड हात पारेका छन् ।

कार्यक्रममा ,आरिया शाहीको स्वागत नृत्य, राजेन्द्र गिरी (गुन्द्रुके)को जादु तथा बिभिन्न कलाकारहरुको प्रस्तुति समेत राखिएको थियो ।

कार्यक्रममा बोल्दै चलचित्र कलाकार संघका अध्यक्ष वरिष्ठ निर्देशक तथा कलाकार मोहन निरौलाले धर्म ,संस्कार र संस्कृति रंगमन्चमा मात्र देखिन थालेको भन्दै देशबाट आफ्नो मौलिकता लोप हुन्दै गएकोमा चिन्ता व्यक्त गर्नु भयो ।


प्रमुख अतिथि नन्द बहादुर पुन (पासाङ)ले कलाकारहरु यो राज्यका धरोहर भएकाले राज्यलेनै यसको व्यवस्थापन गर्न जोड दिनुपर्ने बताउँदै नेपालको सन्दर्भमा नीतिगत सुधार र कार्यन्वयनमा नमिलेको स्विकार गर्नुहुँदै व्यक्रिगत रुपमा आफुलाई सांगीतिक क्षेत्र अत्यन्तै मन पर्ने बताउनु भयो ।

कार्यक्रमको मिडिया पार्टनरको रुपमा जनआकाश साप्ताहिक,जन सबाल दैनिक ,मिलाप न्यूज,शान्तिनेपाल एच डि,साराखबर डटकम,तफान न्यूज डटकम, मध्यान्न दैनीक रहेका थिए ।

सम्पुर्ण रुपमा कार्यक्रम भव्य र सभ्य तरिकाबाट सम्पन्न भएको भन्दै कार्यक्रम सम्पन्न बनाउन सहयोग गर्नुहुने सबैलाई हार्दिक ज्ञापन गर्दै कार्यक्रम समापन भएको थियो ।

## अन्तराष्ट्रिय

# चीनमा एक अर्ब १२ करोडभन्दा बढी इन्टरनेट प्रयोगकर्ता



बेइजिङ- चाइना इन्टरनेट नेटवर्क इन्फर्मेसन सेन्टर (सिएनएनआइसी) ले सोमबार सार्वजनिक गरेको एक रिपोर्ट अनुसार सन् २०२५ जुनसम्म चीनमा एक अर्ब १२ करोडभन्दा बढी इन्टरनेट प्रयोगकर्ताहरू थिए ।

सन् २०२५ जुनसम्ममा चीनमा इन्टरनेट पहुँच ७९ दशमलव सात प्रतिशत पुगेको छ । यो सन् २०२४ डिसेम्बरको तुलनामा एक दशमलव एक प्रतिशत विन्दुले वृद्धि भएको हो ।

प्रतिवेदनअनुसार १४औं पञ्चवर्षीय योजना अवधि (२०२१-२०२५) मा चीनले इन्टरनेट विकासमा उल्लेखनीय प्रगति गरेको छ । विशेष गरी, इन्टरनेटलाई थप समावेशी बनाउने प्रयासहरूले वृद्ध र ग्रामीण बासिन्दाहरू जस्ता प्रमुख समूहहरूलाई यस प्रगतिको फाइदामा साझेदारी गर्न अनुमति दिएको छ ।

सन् २०२५ जुनसम्ममा चीनमा ६० वर्ष वा सोभन्दा माथिका १६ करोड १० लाख इन्टरनेट प्रयोगकर्ताहरू थिए र ३२ करोड २० लाख ग्रामीण क्षेत्रमा बसोबास गर्थे । यी समूहहरूमा इन्टरनेट पहुँच क्रमशः ५२ प्रतिशत र ६९ दशमलव दुई प्रतिशत पुगेको छ ।

यसैबीच, चीनमा इन्टरनेटको निरन्तर विकासले चिनियाँ संस्कृतिलाई घरेलु र अन्तर ाष्ट्रिय रूपमा प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको चिनियाँ अनलाइन साहित्य र खेलहरूको बढ्दो निर्यातका साथसाथै लोकप्रिय वेब सिरिज र सम्बन्धित पर्यटन गन्तव्यहरू बीचको बढ्दो तालमेलको उदाहरण दिँदै प्रतिवेदनमा भनिएको छ ।

## मनोरञ्जन

# महेस मुखिया सुनुवारको स्वरमा 'चोली ढाकाको' गीत सार्वजनिक




काठमाडौं- लोकप्रिय गायक महेस मुखिया सुनुवार र गायिका रानु निरौलाको आवाजमा सजिएको नयाँ लोकपप गीत 'चोली ढाकाको' सार्वजनिक गरिएको छ । गीत २०७८ असार ३२ गते मेला डिजिटल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

गीतको शब्द सदीप कालीकोटेले लेखेका हुन् भने संगीत स्वयं गायक महेस मुखिया सुनुवारले गरेका हुन् । गीतको एरेन्ज आदेश गुरमाछानले गरेका छन् भने रेकर्डिङ, मिक्सिङ र मास्टरिङको जिम्मेवारी सुभाष कुथुमी राईले गरेका छन् ।

जीवन शाहीको निर्देशनमा बनेको गीतको म्युजिक भिडियोको कोरीयो ग्राफी साइमन राजवंशीले गरेका छन् ।

भिडियोमा विजय पुन र रमला लिम्बुको उत्कृष्ट अभिनय देख्न सकिन्छ । भिडियोलाई महेस महराले छायांकन गरेका हुन् भने अर्जुन खड्काले सम्पादन गरेका छन् ।

संगीत, अभिनय र प्रस्तुतिका हिसाबले 'चोली ढाकाको' गीत दर्शक र स्रोतामाझ लोकप्रिय हुने अपेक्षा गरिएको छ ।

# "भक्तराज आचार्य राष्ट्रिय संगीत सम्मान २०८१" बाट सम्पन्न

;DkGg




काठमाडौं- सिटी एक्सप्रेस मनि ट्रान्सफर र भक्तराज आचार्य संगीत प्रतिष्ठानको संयुक्त सहकार्यमा साउन ३ गते कुपण्डोलस्थित होटल हिमालयमा "भक्तराज आचार्य राष्ट्रिय संगीत सम्मान २०८१" प्रदान गरिएको छ ।

सो सम्मान गायनतर्फ बरिष्ठ गायिका चन्द्रकला शाह र संगीततर्फ बरिष्ठ संगीतकार शीला बहादुर मोक्तानलाई जनही नगद पुरस्कार रु १००,०० सहित प्रदान गरिएको हो ।

कार्यक्रममा 'सुशीला आचार्य सु-स्वास्थ्य कामना सम्मान' दिवंगत कलाकार घनश्याम गौतमलाई प्रदान गरिएको थियो भने कलाकार गौतमकी धर्मपत्नी यूगज्योति क्रियाशिलले उक्त सम्मान ग्रहण गरेकि हुन् ।

२५ हजार रुपैयाँ राशिको यो सम्मान सांगीतिक क्षेत्रमा कृयाशिल स्वास्थ्योपचार गराइरहेका संगीतकर्मीलाई प्रदान गर्दै आएको छ। भक्तराज आचार्य संगीत प्रतिष्ठानकी अध्यक्ष श्रीमती सुशिला आचार्य र सिटी एक्सप्रेस मनि ट्रान्सफरका संस्थापक चन्द्र टण्डनले संयुक्त रुपमा यो सम्मान प्रदान गरेका थिए । भक्तराज आचार्य संगीत प्रतिष्ठानले संगीत र कलाको क्षेत्रमा महत्तवपुर्ण योगदान पुऱ्याउदै आएको छ र सिटी एक्सप्रेसले सामाजिक उत्तरदायित्व अन्तर्गत भक्तराज आचार्य संगीत प्रतिष्ठानलाई साथ दिदै आएको छ ।

सिटी एक्सप्रेस मनि ट्रान्सफरले रेमिटान्स क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउदै बिगत १८ वर्ष देखि संसारभरबाट विप्रेषण सेवा प्रदान गर्दै आइरहेको छ । हालै सिटी एक्सप्रेस मनि ट्रान्सफरले सिटी पे वालेट मार्फत अनलाइन भुक्तानीको सेवा सुचारु गरेको छ साथै सिटी पे बाट रेमिटेन्स भुतानी पनि गर्न सकिन्छ ।

**जन आकाश...**

मोहन कार्कीको नेतृत्वमा सञ्चालन हुदै आएको जन आकाश मिडियाले प्रत्येक मंगलवार जन आकाश साप्ताहिक, जन आकाश डटकम अनलाई न्यूज, जन आकाश टिभि युटुव च्यानल सञ्चालनमा छन् ।

कार्की स्वयम लेखक पनि हुन् । उनले लेखेको माइली नामक उपन्यास, कृपज नामक विकासवादी कृति प्रकाशन बजारमा गईसकेका छन् । भने आउन साथी आउ सवै मिली विजयको मिठो गीत गाउ बोलको स्वदेश गान लेखेर बजारमा समेत ल्याएका छन् । गाउका कुना काप्चामा प्रतिमा भएका प्रतिभाहरुलाई अवसरको लागि भनेर उनले संगीत खबर कार्यक्रमको परिकल्पना गरी हाल उक्त कार्यक्रम जन आकाश टिभि युटुभ च्यानलवाट प्रशारण हुने गरेको छ । यो कार्यक्रम गर्नको उदेश्य कार्की सानैमा कलाकार हुन चाहान्थे तर आर्थिक अभावका कारण अवसरवाट बञ्चित हुनुपरेको तितो सत्य अनुभव छ । त्यस्तै अवसरवाट बञ्चित भएका प्रतिभाहरु देशका कुनै ठाउँहरुमा होलान भन्ने सोचेर संगीत खबर कार्यक्रम प्रतिभालाई सम्मान नव प्रतिभाहरुलाई अवसर भन्ने उदेश्यका साथ कार्यक्रम गर्दै आएको बताउने गरेका छन् । हालसम्म झण्डै १०० भन्दा बढी प्रतिभाहरुले जन आकाशले निर्माण गरेको संगीत खबर कार्यक्रममा सहभागी भईसकेका छन् ।

**राष्ट्रिय निकुञ्ज...**

हजार दुई सय छ जना स्वदेशी थिए ।

निकुञ्ज प्रवेश गर्नेमा महिलाको सङ्ख्याभन्दा पुरुषको सङ्ख्या बढी छ । यस्तै दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) राष्ट्रका २४ हजार आठ सय र सार्क बाहेकका देशबाट ८९ हजार तीन सय २३ जनाले निकुञ्ज घुमको निकुञ्ज कार्यालयको तथ्याङ्कमा उल्लेख छ ।

चितवन निकुञ्ज घुम्न कात्तिक महिनामा सबैभन्दा धेरै पर्यटक आएका छन् । यो महिनामा ३२ हजार दुई सय ५२ जना निकुञ्ज घुम्न आएका थिए । सबैभन्दा कम साउन सात हजार तीन सय नौ जनाले निकुञ्ज घुमेका छन् ।

सडक पूर्वाधार लगायतका कारणले गत आर्थिक वर्षमा पर्यटकको सङ्ख्यामा कमी आएको थापामगरले बताए । उनले यस आर्थिक वर्षमा पर्यटकको सङ्ख्या बढ्ने अपेक्षा गरिएको बताए ।

रेष्टुरेण्ट एण्ड बार एशोसिएशन (रेवान) सौराहाका अध्यक्ष ध्रुव गिरीले चितवन निकुञ्ज घुम्न आउने पर्यटकको सङ्ख्यामा कमी आएको भन्दै यसले सौराहाको पर्यटन व्यवसायमा ठूलो असर पारेको बताए ।

उनले अन्तरराष्ट्रिय विमानस्थलमा केही समय भएको रात्रीकालिन उडान बन्द, मुख्य सहरसँग चितवन जोड्ने सडकको अवस्था नराम्रो भएका कारण यहाँ आउने पर्यटकको संख्यामा कमि आएको बताए ।

उनले विमानस्थल र मुख्य राजमार्गहरू सुधार गर्न सके मात्र पर्यटकको सङ्ख्या बढाउन सकिने धारणा राखे । चितवन राष्ट्रिय निकुञ्जमा दुर्लभ वन्यजन्तु, चराचुरुङ्गी, वनस्पति, जलचरको अध्ययन, अवलोकन गर्न स्वदेशी तथा विदेशी पर्यटक आउने गर्दछन् ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP


# समाज सेवाको उत्कृष्ट नमूना



तेजप्रकाश बानियाँ



समाजसेवी उपेन्द्र बहादुर बानियाँको जन्म २०१५ साल पुस महिनाको ८ गते हालको ठेगाना अनुसार बागमती प्रदेश, काभ्रे जिल्ला, पाँचखाल नगरपालिका वडा नं. ३ अल्छेढुङ्गा भन्ने ठाउँमा भएको हो । पिता तेजबहादुर बानियाँ र माता जगत कुमारी बानियाँको ३ छोरामध्ये जेठो छोराको रुपमा जन्मेका उपेन्द्रको बाल्यकाल माता पिताका साथ घरमै बित्यो । उनको किसानी परिवार भएकाले घरबाट कखरा सिक्ने सम्भावना भएन । उनी बाल्यकालदेखि नै मातापिताले गरेका किसानी कर्म हेरेर बस्थे । बेशी सर्ने भन्दा पहिला गाउँवेशी गर्ने परिवारले बच्चालाई डोकोमा बोकेर गाउँवेशी गराउँथे । उपेन्द्र जन्मेको ताका बेशीमा औलो ज्वरोको डर हटी सकेको थिएन । मित्रराष्ट्र र नेपाल सरकारको संयुक्त प्रयासमा औलो उन्मूलन कार्यक्रम धमाधम सञ्चालन भइरहेको थियो । ३/४ वर्ष पछि उन्मूलन भयो । गाउँलेहरु वेशी सर्नेको लहर चल्यो । उनको परिवार पनि बेशी सर्‍यो । स्कुल जाने बेला भएको थियो । बेशीमा स्कुल हुने कुरा भएन । उनी ५ वर्षको उमेरमा स्कुल जाँदा विहान ४ किलो मिटर उकालो र बेलुका घर फर्कने बेलामा ४ किलो मिटर ओरालो हिँड्नु पर्ने गरी गाउँको आफ्नो घर अगाडि श्री गणेश प्राइमरी स्कुलमा भर्ना भए । स्कूल भर्खर खुलेका बेला, रत्नप्रसाद पराजुली प्रधानाध्यापक हुनुहुन्थ्यो । १ देखि ३ सम्म त्यहाँ अध्ययन गरेर ४ कक्षदेखि जोरपाटीमा सर्व मंगला विद्यामन्दिर निम्न माध्यमिक विद्यालय खुलेकोले त्यसमा अध्ययन गरेर २०३२ सालमा एसएलसी परीक्षा दिए । नतीजा आउदा द्वितीय श्रेणीमा उत्तीर्ण भए । किसान परिवारमा जन्मे हुर्केकाले

खेतीपातीमा पनि ध्यान जानु स्वभाविकै हो । घरको काम पनि, समय भएको बेलामा हेर्दै गए । माता पिता दिनदिनै बृद्ध हुँदै जानु भयो । भाईहरु हुर्कदै थिए । तिनलाई पढाउनु पनि पर्यो । घरखेती जग्गा अलि धेरै भएकोले राम्रोसँग हेरविचार गर्ने मानिस पनि भएन । तसर्थ आफूलाई घर छाडेर कतै जानपनि असजिलो आदि कारणहरुले गर्दा बाद्य भएर २०३२ साल वैशाख महिनामा बनेपा धनेश्वर निवासी मिनबहादुर अधिकारी तथा (जो रवि ओपिका प्रधानपञ्च पनि हुनुहुन्थ्यो)। मनमाया अधिकारीका जेठी छोरी मिरा अधिकारकि साथ विवाह बन्धनमा बाँधिए । त्यसपछि २ वर्ष घरै बसी खेतीपातीमा पितामातालाई सहयोग गरे । उनलाई शिक्षामा अलि कमी भएको जस्तो लागेर पुनः कोठाको व्यवस्था गरी सानो ठिमी भक्तपुरमा गएर आइएड कक्षामा भर्ना भए । ४ सेमेष्टरको कक्षामा ३ सेमेस्टरसम्म.थ्योरी पढेपछि चोथो सेमेस्टरमा २ महिना कक्षा र ३ महिना शिक्षण अभ्यासको लागि स्कुलमा पढाउने व्यवस्था भए अनुसार उपेन्द्रको नाम नाला उग्रचण्डी माविमा परेको रहेछ । सोही अनुसार तोकिएको विद्यालयमा गए ३ महिना शिक्षण गरी सिफारिसको कागज सहित कलेज आए । त्यसको केही दिन पछि नतीजा प्रकाशित भयो । उनी राम्रोसँग उत्तीर्ण भए । त्यसपछि भने पढाइमा पुरा विट मारेर घर व्यबहार लगायत अन्यत्र व्यापार आदि गर्ने निश्चय गरेर द्इ बर्षजस्तो घर बसे पछि फेरि परिस्थितिले अर्कै मोड लियो । २०४२ सालमा अनेकोट, द्वारे, डिट्टी, भक्रम देवी निम्न माध्यमिक विद्यालयबाट अचानक बोलावट भयो । त्यहाँ उपेन्दसँग पहिलादेखि चिनापर्ची भएको विनोद खतिवडा त्यस विद्यालयको अध्यक्ष हुनुहुँदो रहेछ । उहाँले उपेन्द्र आइएड पास गरेर घरमै बसेको थाहा पाए, घर पाएकको जागिर भनेर

बोलाएको रहेछ । यसरी त्यहाँ शिक्षण काम गरी स्थाई पनि भए । ४ वर्ष नोकरी पुगेपछि यसरी नोकरी गर्दैमा भने जस्तो घर व्यवहार धान्न सक्ने आय आर्जनको ब्यवस्था नहृने सोचेर व्यापार व्यवसायमा लाग्नु पर्छ भनेर त्यो जागिर पनि राजिनामा गरे ।

## जागिर पछि

त्यसपछि ट्रक ब्यवसाय गरे । जलढुङ्गेमा मिल थापे । त्यसबाट पनि चित्त बुझ्दो प्रगति भएन । मिललाई लामीडाँडामा हुन्छ कि भनेर स्थानान्तरण गरियो । भाइहरु भिन्न भए खासै प्रगति भएन जिविकोपार्जनको ब्यवस्था मात्र भयो । ७४ वर्षको उमेरमा २०५६ सालमा ममतामयी माता स्वर्गे हुनुभयो । ८० वर्षको उमेरमा २०६० सालमा पिताजी स्वर्गे हुनुभयो परिवारमा टुहुरो भैयो भने अर्का तर्फ ब्यवहारको सम्पूर्ण बोझा उनको काँधमा आयो । आफ्ना २ छोरा र २ छोरी घरमा छन् । छोरीहरुको बिवाहदान गरे । जेठो छोरा बिदेश जाने सिलसिलामा हङ्कङ गए । यता आफूले नयाँ व्यवसाय जग्गामा हातहाले । त्यसबाट पहिलो फेजमा चेपुवामा परेपनि केही वर्ष पछि विस्तारै अवस्था सुध्रियो । ५ वर्ष बिदेश बसाई पछि जेठो छोरा घर फर्किए । दीप बिवाह बन्धनमा बाधिए । घरायसी काममा माता पितालाई सहयोग गर्न थाले । कान्छो छोरा अष्टलिया गए । हाल कान्छो छोरा बुहारी कष्टेलियामा छन् ।

## सामाजिक र धार्मिक सेवा

सामाजिक एवम् धार्मिक कार्यको विषयमा छुट्याउने सिमा ज्यादै कम छ । नांगो आँखाले छुट्याउन पनि सकिँदैन । पावरवाला चस्माको आवश्यकता पर्दछ । त्यतिमात्र नभएर कहिले कहिँ दशमलबमा आउने भएरु क्यालकुलेटर आवश्यक पर्छ । त्यो झन्झट कसले गर्ने ? तसर्थ

व्यवहारमा न्याय दिन सकिने अवस्था नभएकोले यी दुबै कामलाई एउटै शीर्षक अन्तरगत राखिएको छ । उपेन्द्र बानियाँले गरेको हाल सम्मका सामाजिक र धार्मिक.कार्यहरु जुन यस प्रकारका छन् ।

१ बानियाँ बन्धु समाज केन्द्रीय कार्य समितिको निर्देशानुसार २०६८ सालमा गठन गरिएको बानियाँ बन्धु समाज जिल्ला कार्य समिती काभ्रेको हालसम्म अध्यक्ष पदमा कार्यरत रही आवस्यकता अनुसार केन्दसँग समन्वय गरीरहेका छन् । २०६९ साल बैशाख गते जिल्ला कार्य समितिले एक भब्य समारोह आयोजना गरी केन्दिय पदाधिकारीहरको सहभागितामा बृद्धबृद्धा सम्मान कार्यक्रम आयोजना गरेको थियो ।

२ समय समयमा केन्द्रिय कार्य समितिको निर्देशनमा हुने जानकारीहरु अध्यक्षको हेसियतले गाभिंर्यता हेरी जिल्लाका बन्धुहरुमा प्रवाह गरेकाछन् । गठनभएको कार्य समितिमा रही २०६९ सालदेखि हालसम्म जिल्ला अध्यक्षको कार्यभार सम्हाल्दै आएका छन् । बानियाँ बन्धु समाज जिल्ला कार्य समिति काभ्रेलाई परिआएको सामान्य आर्थिक सहयोग गर्दै आएका छन् ।

३ बानियाँबन्धु केन्द्रीय कार्य समितिको ३ वर्षको अवधिमा हुने महासमितिमा सक्दो रुपमा सहभागी हुँदै आएका छन् ।

४ केन्द्रीय कार्य समितिको निर्देशनमा रही बेलाबखत जिल्ला कार्य समितिको भेला गराई केन्द्रका निदेशन जिल्लस्तरमा पुऱ्याउने गरेका छन् । बानियाँ बन्धु समाजको वंशघर निर्माण गर्न अरु गन्यमान्त्र बन्धुका सरहनै आर्थिक सहयोग गरेका छन्

५ पाँचखाल न पा अन्तर्गत बिभिन्न कार्यहरुमा गरिएका आर्थिक सहयोगहरु

क. वडा न ३ चार पिप्लेमा मा कृष्ण मन्दिर निर्माणमा आर्थिक सहयोग ।

ख. वडा नं ६ मा अस्पताललाई एम्बुलेन्स खरिदमा आर्थिक सहयोग ।

ग. वडा नं ४ समाजकल्याण स्थित शिव मन्दिर निर्माणमा आथिक सहयोगका साथै नियमित पूजाकालागि पितामाताको सम्झनामा रु ५०,००१/(पचास हजार एक रुपैंया) को अक्षयकोष स्थापना ।

घ. वडा नं ३ स्थित कृष्ण मन्दिर निर्माणमा आर्थिक सहयोग ।

च. वडा नं ६ स्थित दुग्धेश्वर मन्दिर निर्माणमा आर्थिक सहयोग ।

छ. वडा नं ६ ढुंगाना वेशी स्थित मन्दिर निर्माणमा आर्थिक सहयोग ।

ज. वडा नं ६ बखेलडिहीमा लिफ्ट सिचाइकोलागि आर्थिक सहयोग ।

झ. वडा नं ५ मुडेपानी केराघारी मन्दिर निर्माणमा आर्थिक सहयोग ।

ञ. वडा नं ९ पलाञ्चोक भगवती स्थान पार्क खरिदमा आर्थिक सहयोग ।

ट. वडा नं ३ कोटदेवी मन्दिर जिर्णोद्धारमा आर्थिक सहयोग ।

ठ. सर्व मंगला क्याम्पस स्थापना गर्न आर्थिक सहयोग गर्नुकासाथै सञ्चालक समितिमा रही १ वर्ष कार्य गरेको ।

ड. गरीव, अशक्त, विरामी र असहायहरुलाई बेला बेलामा आर्थिक र भौतिक सहयोग गर्दै आइरहेको ।

ढ. काफ्लेडिही बस स्टपमा पिताजीको समयमा निर्माण गरिएको चौतारो र प्रतिक्षालय पुरानो र सानो पनि भएकोले पुरानो संरचनालाई पुरै हटाई, नयाँ रुप दिई मर्मत एवम् निर्माण गरी पिता माताको सम्झनामा समीको चौतारो निर्माण गरेको । यसैगरी जालपाको मन्दिर अगाडि बर र पीपल, सहितको चौतारो २ र शंकर बेलको रुखको फेदमा पिताजीलै बनाएको सानो चौतारो हटाई नयाँ समेत गरी ३ गोटा सिमेण्टेड चौतारो निर्माण गरी बर-पीपल रोपी बर पिपलको बिवाह समेत गरीदिएको ।

ण. मन्दिरहरु निर्माण

घरदेखि करीव ३०० मिटर उत्तरपट्टि पण्डितको डाँडा भन्ने सम्म चउरमा आफ्नो आधा रोपनी जग्गामा बानियाँहरूकी कुलदेवी जालपा देवीको ४ तले मन्दिर निर्माण गरेको । यसैगरी तामाघाट पूलबाट १०० मिटर उत्तर दायाँ पट्टि ३ तले दुर्गामाताको मन्दिर निर्माण गरेको । यसका साथै शंकर बेलको बोट नजीक २ तले पञ्चकन्या माइको मन्दिर निर्माण गरेको । माथी उल्लेखित ३ गोटा मन्दिरहरु र चौतारोहरु उपेन्द्र बानियाँले आफ्नै जग्गामा, आफ्नै व्यवस्थापन र सम्पूर्ण आफ्नै लगानीमा सम्पन्न गरेका हुन् ।

६) मन्दिर उद्घाटन

मन्दिर र चौतारीहरु उद्घाटन समारोह २०८१ चैत्र १८ गतेका दिन उपेन्द्र बानियाँका २ वटा नातिको ब्रतवन्ध र २ नातिनीको गुन्यूचोली, एवम् नव निर्मित जालपा माताको मन्दिरमा लाख बत्ति बाल्ने साइत पनि त्यसै दिन जुरेकोले उक्त दिन ४ वटा विशाल अनुष्ठान एकसाथ सम्पन्न भए । उक्त कार्यक्रममा अगिल्लो दिनदेखिनै उच्चस्तरीय ब्याण्ड बाजा तथा नेपालको प्रसिद्ध साङ्गीतिक टिम इन्द्रेणीका सञ्चालक कृष्ण कँडेल सहितको उपस्थितिमा भब्य साङ्गीतिक कार्यक्रमको आयोजना गरिएको थियो । भोलिपल्ट ब्याण्ड तथा इन्द्रेणी टिमको भब्य कार्यक्रमका बीच उपनयन संस्कार कार्यक्रम वैदिक बिधि अनुसार परम्परागत ढंगबाट बटुकहरुलाई मन्त्र सुनाउने काम सम्पन्न भयो भने, साथसाथे अर्कातर्फ गुन्यूचोली र बेलुकापख लाख बत्तिको कार्फम सञ्चालन भैरहेको थियो । यसैगरी मन्दिरहरु अनावरण कार्यक्रम बानियाँ बंशका कुलाभूषण, नेपाली सेनाका अवकाश प्राप्त सहायक रथी तेजप्रकाश बानियाँका बाहुलीबाट सुसम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा ब्याण्डबाजा तथा इन्देणी टिम साथ उपस्थित मानव सागर देख्दा मेला झैं लाग्थ्यो उक्त समारोहमा आफन्त, छिमेकी, साथीभाइ, शिक्षा क्षत्रका पाहुना, बानियाँ बन्धुसाजका केन्द्रिय पदाधिकारीहरु, ब्याण्ड टोली, इन्द्रेणी ग्रुप, समेतको सहभागिता थियो ।

७) तीर्थस्थल एवम् देश दर्शन

देशका विभिन्न तीर्थस्थलहरुको दर्शन भ्रमण एवम् जिल्लाका मुख्य मुख्य पर्यटकीय स्थानहरुको दृश्यावलोकन भ्रमणका हिसावले साथीहरुको ग्रुपमा पूर्व पश्चिम ५ गोटै विकाश क्षत्रका सबैजसो जिल्लाको भ्रमण र जिल्लामा प्रशिद्ध मानिएका मठ मन्दिर र तीर्थस्थलहरुको दर्शन भ्रमण गरीसकेका छन् । अक्ष्ट्रेलियाका विभिन्न सहरहरुको भ्रमणबाट फर्कदा दिल्ली बसाइका बेला भारतका केही तीर्थस्थल पुगेका छन् ।

उपेन्द्रलाई बुढ्यौली पनि लाग्यो, ब्यवहार पनि छोराहरुले हेर्न सक्ने भए । आफूलाई समाज सेवा र धर्मकर्ममा ब्यस्तराख्न रुचाउने उपेन्द्र बानियाँले १० वर्ष अगाडि आफ्नै घरसँगै साढे ४ तले घर बनाई छोराहरु दीप र ज्योतिको नामबट दिपज्योति नामक फेमिली टाइप रेष्टूरेण्ट सञ्चालनको जिम्मा जेठो छोरालार्य दिई, हाल घरैमा बसेर सामाजिक कामबारे सोच्दै छन् । उनी श्रीमती १, छोरा २, छोरी २, ज्वाइ २, बुहारी २, नाति ३ र नातिनी ५ समेत १७ जनाको अभिभावकको रुपमा छन् ।

जन आकाश
Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
WWW.JANAAKASH.COM.NP
वर्ष -१७, अंक- १,
२०८२ साल साउन ६ गते मंगलबार
22 JULY 2025, TUESDAY

# नाइमा मोबिलिटी एक्सपोमा प्रिमियम एसयुभी 'जेइको जे-५' लन्च हुने



काठमाडौं- एसपिजि अटोमोबाइल्स प्रा.लि. ले नाइमा नेपाल मोबिलिटी एक्सपो २०२५ मा विद्युतीय प्रिमियम एसयुभी 'जेइको जे-५ सार्वजनिक गर्ने तयारी गरेको छ।

कम्पनीले यसअघि नै सार्वजनिक गरिसकेको ओमोडा इ-५ र जेइको जे-६ इभी लाइनअपसँगै नयाँ जेइको जे-५ ले बोल्ड स्टाइलिङ र अत्याधुनिक प्रविधिका विशेषताहरूसहित नेपाली विद्युतीय सवारी साधनको बजारमा नयाँ अध्याय सुरू गर्ने लक्ष्य कम्पनीले लिएको छ ।

एडभेन्चरस यात्राका लागि बनाइएको जेइको जे-५ एसयुभी अल-रोड-रेडी देखिने रगेड बनावट तथा डिजाइनको संयोजन हो। जे-५ को सार्प-एन्गुलर डिजाइन विशेषताहरू 'रेन्ज रोभर'को डिजाइन विशेषताहरूसँग तुलनायोग्य रहेको कम्पनीले उल्लेख गरेको छ।

यसका साथै लेभल २ एडास (एड्भान्स्ड ड्राइभर असिस्टेन्स सिस्टम) श्रेणीमा उत्कृष्ट इन्टिग्रेटेड प्यानोरोमिक सनरुफ, ५४०-डिग्री सराउन्ड भ्यु क्यामरा, र इन्डिपेन्डेन्ट सस्पेन्सनजस्ता उच्च गुणस्तरका सुविधाहरू समावेश रहेका छन्। जसले यसलाई सहरी यात्रा तथा हल्का अफ-रोड यात्रा दुवैका लागि एकदमै उपयुक्त बनाउने कम्पनीको दाबी छ।

जे-५ मा कनेक्टेड कार टेक्नोलोजिसहितको भेन्टिलेटेड सिट, पूर्ण डिजिटल स्मार्ट इन्सट्रुमन्ट क्लस्टर, १३२० मिलिमिटर चौडाइ भएको फराकिलो र आरामदायी सेकेन्ड-रो सिट, २५६-कलर एम्बिएन्ट लाइटिङ र ४८० लिटरको ट्रन्क स्पेस तथा ३६ इन्टेलिजेन्ट स्टोरेज कम्पार्टमेन्टहरू समावेश रहेका छन्।

जेइको जे-फाइभको लम्बाई ४३८० मिलिमिटर, चौडाई १८६० मिलिमिटर र उचाई १६५० मिलिमिटरको छ भने यसमा १८-इन्चको अग्लो एलोय ह्विल्स रहेको छ। १५५ किलोवाटको इलेक्ट्रिक मोटर र ५८.९ किलोवाटआवरको ब्याट्रि प्याकबाट सञ्चालित यो एसयुभिले एकै चार्जमा ४०२ किलोमिटरको डब्लुएलटिपि सर्टिफाइड रेन्ज प्रदान गर्छ।

जेइको जे-५ ले चालक-यात्रुको सुरक्षालाई पहिलो प्राथमिकतामा राखेको कम्पनीले उल्लेख गरेको छ। जेइको जे-५ मा लेभल २ एडासको विशेषताहरू समावेश रहेको छ जस अन्तर्गत 'फरवार्ड कोलिजन वार्निङ (एफसिडब्लु), ब्लाइन्ड स्पट मनिटरिङ (बिएसएम), इन्टिग्रेटेड क्रुज कन्ट्रोल, इमर्जेन्सि ब्रेकिङ', र १९ वटा थप इन्टेलिजेन्ट सुरक्षा विशेषताहरू रहेका छन्।

नाइमा २०२५ मा 'जेइको जे-५' सार्वजनिक गर्दै जेइकोले नेपालको इभि बजारमा आफ्नो उपस्थितिलाई अझ मजबुत बनाउने लक्ष्य लिएको छ।

# नेपालको ढुवानी क्षेत्रमा आधुनिकीकरण ल्याउँदै सारथी लजिस्टिक्स द्वारा सेवा शुभारम्भ




काठमाडौं- प्रविधिमैत्री लजिस्टिक्स कम्पनी सारथी लजिस्टिक्स प्रा. लि. ले आजदेखि नेपालभर आफ्नो सेवा औपचारिक रूपमा सुरु गरेको छ । आधुनिक प्रविधि र पारदर्शिता मार्फत नेपालको वस्तु आपूर्ति क्षेत्रमा नयाँ स्तरको सेवा प्रदान गर्ने सारथीको लक्ष्य रहेको छ ।

स्वयम्भू ठूलोभर्‍याङ, काठमाडौंमा मुख्य कार्यालय रहेको सारथीले नारायणघाट, बिरगंज, विराटनगर, बुटवल, भैरहवा, हेटौंडा, पोखरा, ईटहरी र धनगढीमा शाखा कार्यालयहरू सहित १५ स्थानबाट सेवाको सुरुवात गर्दैछ, जसले गर्दा नेपालभर प्रभावकारी सेवा पुग्नेछ । सारथीले आंशिक तथा पूर्ण ट्रक लोड सेवा, कुरीयर तथा पार्सल डेलिभरी, फ्लीट म्यानेजमेन्ट, वेयरहाउसिङ र वितरण, रिभर्स लजिस्टिक्स लगायतका सेवा प्रदान गर्छ ।

ग्राहकहरुले मोबाइल एप वा वेबसाइटमार्फत सजिलै ट्रक बुकिंग, रियल-टाइम ट्र्याकिङ र पारदर्शी सेवा प्राप्त गर्न सक्नेछन् । "नेपालमा ढुवानी व्यवसायलाई प्राविधिक, पारदर्शी र सहज बनाउन सारथी स्थापना गरिएको हो," सारथीका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत राजकुमार न्यौपाने भन्छन्, "हाम्रो लक्ष्य ढुवानी क्षेत्रलाई व्यवस्थित गर्दै व्यवसाय तथा आम उपभोक्तालाई भरपर्दो सेवा प्रदान गर्नु हो।"

अनुभवी व्यवस्थापन टिम जसमा १५ बर्ष ढुवानी पेशाकर्मीहरु, आईटी विज्ञ र सिए द्वारा सञ्चालन हुने सारथीले अबदेखि नेपालभर सस्तो, भरपर्दो र प्रविधिमैत्री ढुवानी सेवा उपलब्ध गराउने घोषणा गरेको छ ।

# संखुवासभा-काठमाडौं सम्पर्क मञ्चद्वारा विद्यार्थी र हिमाल आरोहीलाई सम्मान



काठमाडौं- नेकपा एमाले संखुवासभा-काठमाडौं सम्पर्क मञ्चले एसईई पास भएका ५० जना विद्यार्थीलाई सम्मान गरेको छ ।

काठमाडौंमा आयोजित कार्यक्रममा कक्षा १२ को परीक्षा दिएर बसेका ७ जना र संखुवासभाका १५ जना हिमाल आरोहीहरुलाई पनि सम्मान गरिएको मञ्चका अध्यक्ष वासु पाण्डेले जानकारी दिए ।


उनीहरुलाई एमाले सचिव योगेश भट्टराई, प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्रप्रसाद गौतम, केन्द्रीय समिति सदस्य तुलसी न्यौपानेलगायत नेताहरुले सम्मान गरेका थिए ।

कार्यक्रममा एसईई दिएका विद्यार्थीलाई काठमाडौंस्थित स्वप्न बाटिका स्कुल तथा कलेजले १० जना विद्यार्थीका लागि सम्पूर्ण छात्रवृत्ति दिने घोषणा समेत गरेको छ ।

# प्रधानमन्त्रीको भारत भ्रमण तय

काठमाडौं : सरकार गठन भएको १४ महिनापछि प्रधानमन्त्री केपी शर्मा ओली भारत भ्रमणमा जाने मिति तय भएको छ । परराष्ट्र मन्त्रालय स्रोतका अनुसार प्रधानमन्त्री ओलीको भारत भ्रमण आगामी सेप्टेम्बर १६ र १७ अर्थात भदौ ३१ र असोज १ गतेका लागि तय भएको हो ।

प्रधानमन्त्री भएपछि पहिलो विदेश भ्रमणमा भारतलाई प्राथमिकता दिने परम्परा भएपनि ओलीले पहिलो पटक २०८१ मंसिर १७ देखि २० गतेसम्म चीन भ्रमण गरेका थिए । उनले त्यसबेला उक्त भ्रमण अनौपचारिक भएकाले औपचारिक भ्रमण भारतबाटै हुनेसमेत बताएका थिए । यद्यपि ओलीको पहिलो औपचारिक भ्रमण चीन थियो । त्यसपछि उनले अमेरिका, थाइल्याण्ड र स्पेनको भ्रमण गरिसकेका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको औपचारिक निमन्त्रणा पर्खेर बसेका ओलीलाई भारतीय समकक्षीले नेपाल सरकारको स्थायित्व हुने देखेर आमन्त्रण गरेको जानकारहरू बताउँछन् ।



यसअघि नै भारत भ्रमणमा जान चाहे पनि भारतले निमन्त्रणा गर्न ढिलाइ गर्दा भ्रमण हुन सकेको थिएन । उनी असार ३०, २०८१ मा संसद्को पहिलो दल नेपाली कांग्रेसको प्रमुख सहयोगमा प्रधानमन्त्री भएका थिए । भारतीय प्रधानमन्त्री मोदीका तर्फबाट समकक्षी ओलीलाई दुईदिने भ्रमणको निमन्त्रणा आएको परराष्ट्र मन्त्रालय स्रोतले जनाएको छ ।

प्रधानमन्त्री ओली सेप्टेम्बर १६ तारिक नयाँ दिल्ली गएर १७ तारिक स्वदेश फर्कने कार्यक्रम तय भएको मन्त्रालयका अधिकारीले बताएका छन् । 'भारतीय समकक्षी नरेन्द्र मोदीका तर्फबाट निम्ता आएपछि प्रधानमन्त्री ओली त्यसतर्फ जान लागेका हुन्', उनले भने ।

उनको भ्रमणको विषयमा प्राथमिकताका आधारहरू तयार हुन भने बाँकी छन् । नेपाली भूमि रहेको, तर भारतले दाबी गर्दै आएको लिम्पियाधुरा, कालापानीसहितका भू-भागको विषय, द्विपक्षीय व्यापारका समस्या समाधानलगायतका विषय प्रधानमन्त्रीको प्राथमिकतामा पर्छन् या पर्दैनन् भन्ने आम चासोको विषय बनेको छ ।

# राष्ट्रिय चलचित्र पुरस्कारबाट हास्यकलाकार उत्तम केसी सम्मानित



काठमाडौं- हास्यकलाकार उत्तम केसी सम्मनित भएका छन् । चलचित्र विकास बोर्डको आयोजनामा असार ३० गते राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख आतिथ्यमा राष्ट्रपतिको कार्यालय शीतल निवासमा आयोजित 'राष्ट्रिय चलचित्र पुरस्कार २०८२' समारोहमा हास्यकलाकार उत्तम केसी सम्मानीत भएका हुन् ।


**अवार्ड विजेताहरू**

उत्कृष्ट चलचित्र : साम्बाला, उत्कृष्ट अभिनेता: विजय बराल (पूर्णबहादरको सारङ्गी), उत्कृष्ट अभिनेत्री: उपासना सिंह ठकुरी (खुस्मा), उत्कृष्ट निर्देशक: मिनबहादुर भाम (साम्बाला), उत्कृष्ट सम्पादक: भरत रेग्मी (पुजार सार्की), उत्कृष्ट छायाँकार: पुषोतम प्रधान (पताम्बर), उत्कृष्ट लेखन: दिपक राज गिरी (छक्का पन्जा ५), उत्कृष्ट आदिवासी मातृभाषी चलचित्र: गालय् वन (नेवारी भाषा), निर्णायक समिति प्रोत्साहन पुरस्कार अभिनेता प्रदीप खड्का (पुजार सार्की),

**जारी विशेष योगदान सम्मान**

प्रेम सुब्बा : कलाकार, देविका बन्दना : पाश्व गायिका, दिर्घ गुरूङ : छायाँकन, अनुप बराल : निर्देशक, कलाकार, परशुराम चौधरी : निर्देशक, सुरक्षा पन्त: कलाकार, नकिम उदिन : बितरक प्रदर्शक, उतम केसी : कलाकार, निखिल उप्रेती : कलाकार, विशेष चलचित्र पुरस्कार, फिल्म याक्कथुङ : लिब्बु भाषा, फिल्म दिलसरा : मगर भाषा

मरणोपरान्त विशेष चलचित्र पुरस्कार श्रवण मास्केलाई दिइएको थियो । ५० हजार नगद सहित उनलाई उक्त पुरस्कार दिइएको हो । चलचित्र दीर्घ साधना सम्मान लेखन, निर्देशक तथा कलाकार लक्ष्मीनाथ शर्मालाई दिइएको हो । ३ लाख ७५ हजार नगदसहित उनलाई उक्त पुरस्कार दिइएको चलचित्र विकास बोर्ड जनाएको छ ।




जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार